## परिच्छेद एक

## परिचय

### १.१ अध्ययनको पृष्ठभूमि

शिक्षालाई कुनै पनि देशको चौतर्फी पक्षको विकास एवम् समुन्नति गर्ने प्रमुख सूचकको रूपमा लिइन्छ । त्यसमा पनि प्राथमिक तहको शिक्षालाई विशेष महत्वको साथ हेर्ने गरिन्छ । प्राथमिक तह औपचारिक शिक्षाको आधार भएको कारण र उच्च शिक्षाको गुणस्तर बृद्धि पनि यही तहले निर्धारण गर्ने भएकोले प्रायः विश्वका सबै राष्ट्रहरूले यसलाई अंगीकार गरी महत्वका साथ हेर्ने गरेको देखिन्छ ।

हाम्रो देशमा पनि सरकारले "सबैको लागि शिक्षा" भन्ने नाराका साथ शिक्षा क्षेत्रमा सम्पूर्ण बालबालिकाको पहुँच पुऱ्याउने प्रतिबद्धताका साथ विभिन्न योजना तथा कार्यक्रमहरू संचालन गर्दै आएको पाइन्छ । नेपालको सन्दर्भमा शिक्षाको गुणस्तर सुधार गर्नको लागि विगत चारपाँच दशकदेखि विभिन्न प्रयासहरूको थालनी पनि हुँदै आएको पाइन्छ । तर पनि विभिन्न कारणले गर्दा शिक्षा क्षेत्रमा आशातित प्रगति एवम् सुधार नहुनाले त्यस्तो प्रतिबद्धता पूरा हुन भने सकिरहेको छैन । यसै सन्दर्भमा पाठ्यक्रम विकास केन्द्र (सन् २००५) को एक अध्ययनले देशको शैक्षिक स्तर सुधार नहुनु र अपेक्षित शैक्षिक लक्ष्य पूरा नहुनुका विभिन्न कारणहरूले विद्यार्थीको मूल्याङ्कन प्रणाली पनि एक महत्वपूर्ण हो भन्ने कुरा उल्लेख गरेको थियो ।

समय समयमा देशमा आएका विभिन्न राजनैतिक परिवर्तन सँगसँगै शिक्षाको क्षेत्रमा गठन भएका विभिन्न शिक्षा आयोगले पनि विद्यार्थीहरूको उपलब्धि मूल्याङ्कन निरन्तर र स्तरीय प्रक्रियाबाट हुनुपर्ने सुझाव दिएका छन् ।

नेपाल राष्ट्रिय शिक्षा आयोग, २०१० को प्रतिवेदन (नेपालमा शिक्षा २०११) को सिफारिस अनुसार विद्यार्थी सिकाइका सम्पूर्ण पक्षहरूको मूल्याङ्कन निरन्तर प्रणालीमा गर्ने र लिखित परीक्षामा मात्र सीमित रहेको एस.एल.सी. परीक्षा पनि सुधार ल्याउनु पर्ने सुझाव दिएको छ ।

सर्वाङ्गीर्ण राष्ट्रिय शिक्षा समितिको प्रतिवेदन–२०१८ ले मौलिक र दक्षतामा आधारित मूल्याङ्कनमा जोड दिनुपर्ने र त्यस्त मूल्याङ्कन प्राथमिक तहको विद्यार्थीहरूका लागि लक्षित हुनुपर्ने एवम् विद्यार्थीले हासिल गरेका सिकाइ उपलब्धिका सम्पूर्ण पक्षहरूको प्रत्येक महिनामा निरन्तर रूपमा गर्नुपर्ने कुरा उल्लेख गरेको छ ।

राष्ट्रिय शिक्षा पद्धति योजना–२०२८ ले प्राथमिक तहका विद्यार्थीहरूको मूल्याङ्कनका लागि विस्तृत र निरन्तर मूल्याङ्कन रणनीति अपनाएर मूल्याङ्कनका विविध साधनहरूको उपयोग गरिनुपर्ने कुरा उल्लेख गरेको थियो ।

राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन–२०४९ ले प्राथमिक तहका विद्यार्थीको मूल्याङ्कन नियमित परिपाटीबाट गनिुपर्ने तथा मूल्याङ्कन गर्दा मौखिक, व्यवहारिक पक्षको लेखाजोखा गरी र अतिरिक्त क्रियाकलापमा संलग्नता साथ पाठको अन्त्यमा कक्षा वा इकाइ परीक्षा लिई विद्यार्थीको अभिलेख राखी मूल्याङ्कन गर्ने व्यवस्था गर्नुपर्दछ भन्ने कुरा उल्लेख गरेको थियो ।

उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन–२०५५ ले प्राथमिक तहका विद्यार्थीहरूको कक्षा दोहोऱ्याउने र विद्यालय छाड्ने अवस्थाबाट सृजित शैक्षिक क्षतिलाई हटाउन र विद्यार्थीलाई अध्ययनमा थमाइराख्न कक्षा १ देखि ३ सम्मका विद्यार्थीहरूले स्वाभाविक रूपमा तल्लो कक्षाबाट माथिल्लो कक्षा चढ्न पाउने उदार कक्षोनति व्यवस्था अपनाउनुपर्ने र त्यस्तो उदार कक्षोन्नति प्रयोजन र विद्यार्थीहरूको उपलब्धि लेखाजोखाको निम्ति बार्षिक परीक्षाको अतिरिक्त मासिक परीक्षा, मौलिक परीक्षा, गृहकार्य, उपस्थिति, व्यवहार परिवर्तन, सिर्जनात्मक कार्य जस्ता कुरालाई आधार बनाई मूल्याङ्कन गर्नुपर्ने कुरा उल्लेख गरेको थियो ।

SSRP (२०६२–२०६७) अनुसार प्राथमिक तहमा बालबालिकाको पहुँच शत प्रतिशत पुऱ्याई कक्षा एकदेखि तीनसम्म मूल्याङ्कन पूर्ण रूपमा निरन्तर मूल्याङ्कन प्रणालीबाट गरी विद्यालयमा देखिने विभिन्न समस्याहरू जस्तैः कक्षा छाड्ने, दोहोऱ्याउने, अनुत्तीर्ण हुने जस्ता सूचकहरूलाई कम गरी मूल्याङ्कन प्रणालीलाई वैज्ञानिक गराएर विद्यालयमा शैक्षिक क्षेत्रमा गुणस्तर बृद्धि गर्ने कुरा उल्लेख गरेको पाइन्छ ।

खासगरी यस निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिले विद्यार्थीहरूको क्षमता अन्तिम लिखित परीक्षाबाट मात्र गरिने प्रावधान हटाई बालकको निरन्तर मूल्याङ्कन, उपस्थिति, सृजनशील क्षमता, मौखिक परीक्षा, परिवर्तन, कक्षाकार्य जस्ता पक्षमा गरी उदार कक्षोन्नति गरिनु हो । मूल्याङ्कन सम्बन्धमा विगत लामो दशकदेखि विभिन्न प्रयास तथा पहल नभएको होइन तर यस्ता प्रयासले बालकको मनोवैज्ञानिक पक्षको र वैयक्तिक भिन्नताको सिद्धान्त जस्ता पक्षलाई सम्बोधन गर्न नसकेकोले निरन्तर मूल्याङ्कन पद्धतिको आवश्यकता महशुस गरिएको पाइन्छ । अर्कोतर्फ "सबैको लागि शिक्षा (EFA)" कार्यक्रमले निर्धारण गरेका उद्देश्यहरू जस्तैः शत प्रतिशत खुद भर्ना, शत प्रतिशत नै टिकाउने, मूल्याङ्कनलाई वैज्ञानिक बनाउने सन्भर्दका साथ यसलाई चरणबद्ध रूपमा २०६२/६३ देखि नै विद्यालयमा यस पद्धतिको सुरुआत गरिएको पाइन्छ ।

## १.२ समस्याको कथन

शिक्षाको गुणस्तर अभिबृद्धि गर्नका लागि निरन्तर मूल्याङ्कन प्रणाली अत्यावश्यक र महत्वपूर्ण हुने तथ्यलाई अस्वीकार गर्न सकिँदैन । तर यसको प्रभावकारिता भने कतिपय तत्वहरूमा निर्भर गर्दछ । विद्यालयीय शिक्षाको गुणस्तर सबल नभएको भन्ने गुनासाहरू यत्रतत्र सुनिन थालेको र हाम्रो देशको जस्तो विविधतायुक्त समाजमा निरन्तर मूल्याङ्कन प्रणालीलाई प्रभावकारी कार्यान्वयन गर्नु आवश्यक हुन्छ ।

विगत ५/६ वर्षदेखि प्राथमिक तहमा यस निरन्तर मूल्याङ्कन पद्धतिको प्रयोग गरिँदै आएको छ । तर यसको कार्यान्वयन पक्ष कसरी अगाडि बढिरहेको छ भन्ने कुरामा भने सम्बन्धित पक्षले त्यति चासो दिई हेरेको पाइँदैन । अर्कोतर्फ यस पद्धतिलाई विद्यालयहरूले पूर्ण रूपमा प्रयोग गरेर बालकको स्तर निर्धारण गर्दै आएका छन् । तर यसको गुणस्तरको अवस्था कस्तो छ भन्ने कुरा प्रमुख सबालको कुरा हो । तसर्थ यस अध्ययनद्धारा प्राथमिक तहमा निरन्तर मूल्याङ्कन प्रणालीको कार्यान्वयन अवस्था कस्तो छ ? सो कार्यान्वयनमा शिक्षकहरूले भोग्नुपरेका समस्याहरू के के हुन् ? उनीहरूले निरन्तर मूल्याङ्कन के कसरी गरिरहेका छन् ? भन्ने जस्ता अनुसन्धान प्रश्नहरूको उत्तर प्राप्त गर्नेतर्फ यो अध्ययन केन्द्रित छ । साथै कुन कुन उपायहरू अपनाएर यो मूल्याङ्कन पद्धतिलाई प्रभावकारी बनाउन सकिन्छ, भन्ने सवालतर्फ यस अध्ययनलाई केन्द्रित गरिएको थियो ।

खासगरी निरन्तर मूल्याङ्कन प्रणाली लागू गर्दा भोग्नुपरेका समस्याहरू पत्ता लगाउनु, यस मूल्याङ्कन प्रणालीलाई कार्यान्वयन गर्दा मुख्य भूमिका खेल्ने कर्ता, शिक्षकलाई त्यसको कार्यान्वयन गर्दा के कस्ता, किन र कसरी समस्या उत्पन्न भएका छन्, कुन उपाय अपनाए शैक्षिक क्षति कम हुन्छ भन्ने महत्वपूर्ण प्रश्नहरूको पहिचान गर्नु नै यस अध्ययनको मुख्य समस्या रहेको थियो ।

## १.३ अध्ययनको औचित्य

शैक्षिक क्षेत्र अन्तर्गत विभिन्न समस्याहरू हुन सक्दछन् । त्यस्तो शैक्षिक क्षेत्रसँग सम्बन्धित रही गरिने अध्ययन तथा अनुसन्धानको मुख्य औचित्य तथा महत्व सम्बन्धित क्षेत्रमा विद्यमान रहेका विभिन्न समस्याहरू, कमजोरीहरू तथा त्यसको वस्तुस्थितिका बारेमा यथार्थ सूचनाहरू प्राप्त गरी ती सूचनाहरूको आधारमा निष्कर्ष निकाली सम्बन्धित क्षेत्रमा रहेका समस्या सुधारका लागि सल्लाह तथा सुधार गर्नु रहेको हुन्छ ।

यो अध्ययन निम्न औचित्यले संचालन गरिएको थियो :

(क) अभिभावकलाई यस निरन्तर मूल्याङ्कन प्रणाली सम्बन्धमा थाहा नभएका कुराहरूलाई जानकारी गराई यसको महत्व दिई बालबालिकाको शैक्षिक अवस्था सुधार गर्न सहयाग गर्ने ।

(ख) शिक्षकका विभिन्न समस्याले गर्दा यस कार्यक्रमलाई कार्यान्वयनमा देखिएका कठिनाइहरूलाई पहिचान गरी कार्यान्वयन पक्षलाई सहज बनाउन सहयोग गर्ने ।

(ग) खासगरी बालकले गणित, अंग्रेजी र विज्ञान विषय अन्य विषय भन्दा कठिन महशुस गर्ने भएकोले, कठिन महशुस हुनुको कारण खोजी, सम्बन्धित पक्षलाई जानकारी गराउने ।

(घ) शिक्षक, अभिभावक र बालबालिकाको सम्बन्धले कसरी यस पद्धतिको कार्यान्वयन पक्षलाई प्रभावकारी गराउन सहयोग गर्दछ भन्ने कुरा जानकारी गराउने ।

(ङ) शिक्षाको परिणात्मक रूपमा विकास र विस्तार हुनुका साथसाथै गुणात्मक पक्षको विकास पनि त्यत्ति नै आवश्यक हुन्छ भन्ने कुराको सम्बन्धित पक्षलाई जानकारी गराउनु ।

(च) यस सम्बन्धमा अन्य शैक्षिक निकायहरूलाई जानकारी तथा ध्यान केन्द्रित गराउने र अन्य अनुसन्धानकर्तालाई अनुसन्धान गर्न उत्प्रेरित गरी सहयोग गर्ने ।

**१.४ अनुसन्धानात्मक प्रश्नहरू**

यो अध्ययन निम्न अनुसन्धानात्मक प्रश्नहरूमा आधारित भई गरिएको थियो :

(क) विद्यालयहरूमा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीले निर्दिष्ट गरिएका पक्षहरू के, कसरी, कति मात्रामा कार्यान्वयन भएका छन् ?

(ख) कार्यान्वयनमा आइपरेका समस्या र समस्या समाधानमा अपनाइएका उपायहरू केकस्ता छन् ?

(ग) निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको सम्बन्धमा सरोकारवालाहरूको के कस्तो सोचाइ छ ?

(घ) निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली कार्यान्वयन सम्बन्धमा अभिभावकहरूको भूमिका कस्तो रहेको छ ?

(ङ) विद्यार्थीको उपलब्धि अभिलेखलाई विद्यालयले कसरी राखेको छ ?

(च) यस मूल्याङ्कन पद्धतिलाई प्रभावकारी बनाउन विद्यालय प्रशासनले कस्तो प्रयास गरेको छ ?

**१.५ अध्ययनको उद्देश्य**

यो अध्ययन निम्न उद्देश्यहरू लिई संचालन गरिएको थियो :

(क) निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको कार्यान्वयन पक्षको अवस्था पहिचान गर्नु ।

(ख) निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली कार्यान्वयनमा आइपरेका कठिनाइ वा समस्या पहिचान गरी समाधानका उपाय पत्ता लगाउनु ।

## १.६ अध्ययनको सीमा

शैक्षिक क्षेत्रसँग सम्बन्धित गरी गरिने अनुसन्धानको क्षेत्र ज्यादै व्यापक हुन्छ । विद्यार्थी मूल्याङ्कनसँग सम्बन्धित समस्या हाम्रो देशको कुनै एउटा क्षेत्र र जिल्लासम्म मात्र सीमित छैन, प्रत्येक विद्यालय र मूल्याङ्कन सम्बन्धी समस्या रहेका हुन सक्दछन् । यसको अध्ययन राष्ट्रव्यापी रूपबाट समेत गर्न सकिन्छ । एक निश्चित समयावधि, सीमित साधनस्रोत र लागतलाई ध्यानमा राखी यस अध्ययन गरिएको थियो ।

यस अध्ययनलाई सिन्धुपाल्चोक जिल्ला भोटेचौर गा.वि.स. भित्र संचालित सामुदायिक विद्यालय मध्ये जम्मा तीनवटा विद्यालय अन्तर्गत सीमित रही अध्ययन गरिएको थियो । ती तीनवटै विद्यालयका प्राथमिक तहको कक्षा ३ मा आधारित भई गरिएको थियो । विशेषतः कक्षा तीनका गणित, अंग्रेजी र विज्ञान विषयमा आधारित भई गरिएको थियो । यस अध्ययनमा नमूना छनौटभित्र परेका शिक्षकलाई अवधारणा प्रश्नावली र खुल्ला प्रश्नावली साधन, तीनवटा विद्यालयका प्रधानाध्यापकहरूलाई असंरचित अन्तर्वार्ता र स्रोत व्यक्तिलाई असंरचित अन्तर्वार्ता लिएको थियो । खासगरी ती निर्माण गरिएका साधनहरू निरन्तर मूल्याङ्कन प्रणाली कार्यान्वयनका अवस्था सम्बन्धमा आधारित थिए । निरन्तर मूल्याङ्कनको अवस्था अध्ययन गर्न कक्षा ३ को गणित परीक्षाको उपलब्धि परीक्षण पनि प्रशासन गरिएको थियो ।

## परिच्छेद दुई

## पूर्व साहित्यको समीक्षा

यस अध्ययन कार्यलाई सहज र सरल बनाउने हेतुले विभिन्न किसिमका लेखहरू, सम्बन्धित पुस्तक, पत्रपत्रिका संलग्न गरी व्यवस्थित र उपयुक्त ढङ्गबाट तयार पारी अध्ययनको शोधपत्रलाई सहज बनाउने प्रयास गरिएको थियो ।

### २.१ सैद्धान्तिक साहित्यको पुनरावलोकन

### २.१.१ सिकाइकेन्द्रित विचारधाराको सिद्धान्त

यस दर्शनमा विद्यार्थी मूल्याङ्कन प्रक्रिया, शिक्षण कार्यक्रम सँगसँगै गर्नुपर्दछ भन्ने मान्यता रहेको पाइन्छ । साथै मूल्याङ्कन सुधारात्मक र निरन्तर हुनुपर्दछ । बालकको दैनिक मूयांकन कार्यसञ्चयिका वा अभिलेक राख्नुपर्दछ । यसबाटै बालकको स्तर तथा क्षमता पहिचान गरी उदार कक्षोन्नति धारणाको प्रयोग गर्नुपर्दछ र बालकलाई मनोवैज्ञानिक तरिकाले मूल्याङ्कन गर्नुपर्दछ भन्ने मान्यता यस सिद्धान्तले राख्दछ ( स्टेफेन, २००८: १२९) ।

### २.१.२ विद्यार्थी मूल्याङ्कनमा प्रगतिवादी सिद्धान्त

बालक एक परिपक्व युवा हो । बालक प्रगतिवादको आदर्श हो । यस सिद्धान्तले बालकको वर्तमान रुची, आवश्यकता र व्यक्तिगत विभिन्नतालाई सर्वाधिक महत्वका रूपमा लिइन्छ । यसैले बालकलाई सिकाइको केन्द्रविन्दु मानिन्छ । यसले बालकको सम्पूर्ण पक्षलाई मध्यनजर गरी तथा मूल्याङ्कन गरी अनुत्तीर्ण, उत्तीर्ण भन्दा पनि वर्गीकरण गरेर स्तर तथा क्षमता पहिचान गर्नुपर्दछ भन्ने मान्यता राख्दछ ।

### २.१.३ उदार कक्षोन्नतिको सिद्धान्त

**निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयत पुस्तिका २०६८** का अनुसार "बालबालिकाले के, कति र कुन समयमा सिक्न सक्दछ भनी निरन्तर रूपमा गरिने सुधारात्मक पृष्ठपोषणलाई उदार कक्षोन्नति भनिन्छ ।" बालकले आफ्नै दैनिक जीवनमा अनगिन्ती कुराहरू अतिरिक्त शिक्षामार्फत सिकेर आएका हुन्छन् । यस्ता बालबालिकालाई एक वर्षसम्म शिक्षण सकाइमा सहभागी गराएर परीक्षाको आधारमा विद्यार्थीहरूलाई फेल वा पासको पदवी दिनु भन्दा यसको सिकाइको वास्तविक स्थिति किटान गर्नु वाञ्छनीय हुन्छ (**निरन्तर मूल्याङ्कन प्रणाली, विशेष बुलेटिन, २०६८** :२) । बालबालिकाको उच्चतम हितलाई हेर्ने हो भने सबल सिकाइको हो न कि पास र फेलको । किनकि उमेर अनुसार कक्षामा भर्ना हुने अवस्था भने नेपालमा छैन । तल्ला कक्षाहरूलाई प्राप्ताङ्कको आधारमा कक्षोन्नति गर्दा पनि वास्तविक स्थिति किटान गर्न सकिँदैन त्यसकारण उदार कक्षोनति सिद्धान्तको विकल्प नभएको कुरा यस सिद्धान्तमा पाइन्छ । त्यसका लागि मूल्याङ्कनका सबै साधनहरू प्रयोग गरी विद्यार्थीको निरन्तर मूल्याङ्कन गर्नुपर्दछ ।

## २.२ सम्बन्धित साहित्यको पुनरावलोकन

### २.२.१ मूल्याङ्कनको अवधारणा

मूल्याङ्कन शब्द दुई शब्दहरू "मूल्य + अंकन" मिलेर बनेको छ । जसमा मूल्य (Value) शब्दको अर्थ वस्तुको उपयोगिता र महत्वको लेखाजोखा गर्ने प्रक्रिया हो । जुन विशुद्ध रूपमा विषयगत वा व्यक्तिपरक हुन्छ । त्यसैगरी अङ्कन (Scoring) ले मापन प्रक्रियालाई जनाउँछ जसले वस्तुमा रहेको गुणको मात्रात्मक स्वरूप प्रस्तुत गर्न यसलाई अंकमा बदलिने कार्य गर्दछ । त्यसैले यस अर्थमा मूल्याङ्कन भन्नाले कुनै पनि विषयवस्तुको मूल्य निर्धारण गर्नु हो (Popham, 1975: 9) ।

खासगरी मूल्याङ्कन एक निरन्तर रूपमा चल्ने प्रक्रिया हो । जसले लक्षित उद्देश्यहरू कुनै व्यक्ति तथा संस्थाले के कति मात्रामा उपलब्धि हासिल गरायो, वाञ्छित, व्यवहारिक परिवर्तन के कति भयो त्यसको सही लेखाजोखा गर्दछ । त्यसैले मनोवैज्ञानिक तथा शैक्षिक क्षेत्रमा कुनै व्यक्तिको आन्तरिक वा वाह्य कारणबाट व्यवहारमा परिवर्तन कस्तो भयो, साथै व्यक्तित्वमा क्षमता, अभिबृद्धि जस्ता पक्षमा कस्तो गुणात्मक परिवर्तन तथा परिमार्जन भयो कि भएन ? देखिएका कमी कमजोरीहरूलाई हटाउने के कति प्रयास भयो, त्यसको लेखाजोखा गर्ने कार्यलाई मूल्याङ्कनको रूपमा लिइन्छ (जवरा, श्रेष्ठ, रञ्जितकार, २०६७:११) ।

तसर्थ मूल्याङ्कन भन्नाले विद्यार्थी तथा बालकको शैक्षिक उपलब्धि पहिचान गरी पृष्ठपोषण प्रदान गर्नु हो । साथै कुनै पनि अवस्था, वस्तु, क्रिया, घटनामा अन्तरनिहित मूल्यको, वैज्ञानिक, योजनावद्ध, व्यवस्थित तरिकाबाट लेखाजोखा गर्ने मूल्याङ्कन हो ।

### २.२.२ निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको अवधारणा

विद्यार्थी केन्द्रित मूल्याङ्कनले विद्यार्थीहरूको व्यवहार र विशेषताहरूको खोजीनीति गर्ने र आवश्यकता अनुसार सुधार कार्य पनि साथैसाथै गर्ने भएकोले त्यसलाई विद्यार्थीको सार्थक मूल्याङ्कन भएको मान्न सकिन्छ । तसर्थ विद्यार्थीहरूको सीप, क्षमता, रुचि, उपलब्धि, कार्यकुशलता अभिबृद्धि आदि विविध पक्षहरूलई समेटी विद्यार्थीको विकास गर्नु विद्यार्थी मूल्याङ्कन हो । यो सुधारात्मक र निर्माणात्मक हुन्छ । सिकाई प्रक्रिया सँगसँगै चलिरहने विद्यार्थीको मूल्याङ्कनलाई निरन्तर विद्यार्थी मूल्याङ्कन भनिन्छ । यो निरन्तर रूपमा हुने गर्दछ । खासगरी पाठ्यक्रमले अपेक्षा गरेका सिकाइ उद्देश्य पूरा गराउन सुधारात्मक शिक्षण सिकाइ क्रियाकलाप संचालन गर्ने अभिप्रायले बालकको सम्पूर्ण पक्षको मूल्याङ्कन गर्नु निर्माणात्मक मूल्याङ्कन हो ।

Scriven (1967) का अनुसार "निर्णयात्मक मूल्याङ्कन विद्यार्थीलाई उत्तीर्ण वा अनुत्तीर्ण निर्धारण गर्न श्रेणी तथा स्तर निर्धारण गर्ने उद्देश्यका लागि गरिन्छ । यस्तो मूल्याङ्कन शैक्षिक सत्रको अन्तमा वा

तोकिए अनुसार बीच बीचमा व्यवस्थित प्रश्न पत्र वा लिखित परीक्षाका माध्यमबाट गरिन्छ । तोकिएका समयमा परीक्षा हुने, खास प्रक्रियाबाट छानिएका प्रश्नमा विद्यार्थीले लिखित परीक्षा दिने, तोकिएको विषयमा मात्र मौखिक तथा प्रयोगात्मक परीक्षा हुने विद्यार्थीहरू उत्तीर्ण, अनुत्तीर्णको घोषणा गरिने भएकाले निर्णयात्मक मूल्याङ्कन औपचारिक प्रकृतिको हुन्छ । "विद्यालय शिक्षाको सन्दर्भमा निर्णयात्मक मूल्याङ्कन नै विद्यार्थी मूल्याङ्कनको प्रयोगका रूपमा लिने प्रचलन रही आएको छ । तर हिजोआज निर्माणात्मक सुधारात्मक उद्देश्यले गरिने विद्यार्थी मूल्याङ्कनले प्राथमिकता पाउन थालेको देखिन्छ । शिक्षण सिकाइ प्रक्रियालाई प्रभावकारी बनाउन र पाठ्यक्रमले लक्ष्य राखेका सिकाइ उद्देश्यहरू विद्यार्थीमा पूरा गराउन निरन्तर रूपमा गरिने मूल्याङ्कन निर्माणात्मक वा सुधारात्मक मूल्याङ्कन हो । जस्तैः कक्षाकार्य, गृहकार्य, परियोजना कार्य, अवलोकन आदि माध्यमबाट विद्यार्थीको व्यवहारमा आएको परिवर्तनलाई हेरी निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिमा विद्यार्थीको मूल्याङ्कनका लागि कक्षाभित्र वा बाहिर गरिने शिक्षण सिकाइ सम्बन्धी क्रियाकलाप नै मूल आधार हो (निरन्तर विद्यार्थी मूल्याङ्कन पुस्तिका, २०६८ः १) ।

### २.२.३ निरन्तर विद्यार्थी मूल्याङ्कनको आवश्यकता

निरन्तर विद्यार्थी मूल्याङ्कनको मुख्य उद्देश्य प्रभावकारी शिक्षण सिकाइका माध्यमबाट विद्यार्थीमा अपेक्षित सिकाइ उपलब्धि हासिल गराउनु हो । निरन्तर मूल्याङ्कन प्रणाली, विशेष बुलेटिन २०६८ ले निरन्तर विद्यार्थीको आवश्यकतालाई निम्नानुसार उल्लेख गरेको छ :

(क) विद्यार्थीको प्रभावकारी सिकाइ र कार्य व्यवहारमा सहयोग पुऱ्याउन ।

(ख) सिकाइ स्तर कम भएका विद्यार्थीहरूलाई सुधारात्मक शिक्षण गर्न ।

(ग) विद्यार्थीको सही मूल्याङ्कन निरन्तर र सहजतापूर्ण गर्न ।

(घ) बालमैत्री सिकाइ र मूल्याङ्कनको वातावरण बनाउ ।

(ङ) विद्यार्थीको मूल्याङ्कनप्रति उत्साहित गर्न ।

(च) विद्यार्थीलाई नियमित उपस्थितिमा उत्साहित गर्न ।

(छ) कक्षा छाड्ने र दोहोऱ्याउने दरमा कम गर्ने ।

(ज) विद्यार्थीको सिकाइ उपलब्धिको वैधता र विश्वसनीयता सुधार गर्न ।

(झ) तह पूरा गर्ने दर सिकाइ उपलब्धि स्तरमा बृद्धि गर्न ।

### २.२.४ निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली लागू गर्नुका उद्देश्यहरू

**प्राथमिक शिक्षा पाठ्यक्रम–२०६५ (परिमार्जन सहित)** ले निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली लागू गर्नुका उद्देश्यहरूका बारेमा देहाय बमोजिम उल्लेख गरेको छ :

(क) मूल्याङ्कन विभिन्न माध्यम र साधनको प्रयोग गरी विद्यार्थीको लगातार मूल्याङ्कन गर्ने ।

(ख) मूल्याङ्कनलाई विद्यार्थी केन्द्रित र प्रभावकारी शिक्षण सिकाइ लागि उपयोग गर्ने ।

(ग) जेहेन्दार विद्यार्थीको लागि प्रोत्साहन र कमजोर विद्यार्थीको लागि विशेष मद्दत गर्ने ।

(घ) विद्यार्थीमा परीक्षाको सन्त्रास कम गराउने ।

(ङ) कक्षा दोहोऱ्याउने संख्या न्यून गर्ने ।

(च) विद्यार्थीहरूलाई नियमित विद्यालय आउने वातावरण प्रदान गर्ने ।

(छ) निरन्तर विद्यार्थी मूल्याङ्कनको माध्यमद्धारा उदार कक्षोन्नतिको नीति अवलम्बन  गर्ने ।

### २.२.५ निरन्तर विद्यार्थी मूल्यांङ्कन प्रणाली संचालनका नीतिहरू

**प्राथमिक शिक्षा पाठ्यक्रम २०६५ (परिमार्जन सहित)**ले निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली संचालनका कार्य नीतिहरू सम्बन्धमा निम्न कुराहरू उल्लेख गरेको पाइन्छ :

- विद्यार्थीको नमूना कार्य संकलन गरेर विद्यार्थीको शैक्षिक अभिलेख कार्यसञ्चिका संचालन गर्ने ।
- विद्यार्थीले कुनै कक्षामा गर्न नसकेका सिकाइ उपलब्धिहरू त्यो भन्दा माथिल्लो कक्षामा आर्जन गराउने गरी उदार कक्षोन्नति परिपाटी लागू गर्ने ।
- कक्षा शिक्षक संख्या बराबर भएका विद्यालयका पहिला तीन कक्षाहरूमा कक्षा शिक्षण लागू गर्ने ।
- हालको त्यो मूल्याङ्कन एकबाट सुरु गरेर तीनसम्म मात्र लागू गर्ने र पछि विस्तार गर्ने ।
- शैक्षिक सत्रको पहिलो चौमासिकमै सम्बन्धित कक्षामा विशिष्ट क्षमता देखाउने विद्यार्थीहरूलाई सोही अवधिभित्र माथिल्लो कक्षा चढाउने ।

### २.२.६ विद्यार्थी मूल्याङ्कनलाई उपयुक्त बनाउन चाल्नुपर्ने केही कदमहरू


विद्यार्थी मूल्याङ्कनको भूमिका निर्णयात्मक भन्दा पनि सुधारात्मक हुनुपर्ने औंल्याउँदै Sylor and Alexeander ले यस्तो मूल्याङ्कनलाई उपयुक्त र प्रभावकारी बनाउन केही उपायहरू अपनाउनुपर्ने उल्लेख गरेका छन् :

- विद्यार्थी मूल्याङ्कनद्धारा पाठ्यक्रम लक्ष्यहरू सहायक लक्ष्यहरू तथा उद्देश्यहरूको समेत समग्र रूपबाट लेखाजोखा गरिनुपर्दछ ।
- उद्देश्य निर्धारण गर्न प्रयोग गरिएको आधारभूत स्रोतहरूको बारेमा वैध र पूर्ण रूपमा विश्लेषण गरिनुपर्दछ ।
- विभिन्न दक्ष व्यक्तिहरूबाट विद्यालय वा पाठ्यक्रमका उद्देश्यहरू सम्बन्धमा विचारहरू, लेखाजोखाहरू संकलन गर्ने ।
- पाठ्यक्रम वा विद्यालयका लक्ष्यहरू र विद्यार्थीहरूको उपलब्धि तथा अन्य बीचमा समरूपता भए नभएको बारे मूल्याङ्कन कार्यक्रमको सहायताबाट निर्धारण गर्नुपर्दछ ।

- परीक्षणबाट प्राप्त उद्देश्य र उपलब्धि बीचको समरूपताको स्थितिलाई कार्यान्वयन गर्न दक्ष व्यक्तिहरूबाट लेखाजोखा गराउने ।
- विद्यार्थी मूल्याङ्कनबाट प्राप्त सूचनाहरूको विज्ञहरू तथा विशेषज्ञहरूद्वारा लेखाजोखा गराउने ।

**२.३ अवधारणा निर्माण**

निरन्तर विद्यार्थी मूल्याङ्कन कक्षा कार्यबाटै वा अन्य कुनै सहज उपायबाट गरिने विद्यार्थीको सिकाइको लेखाजोखा हो । प्रभावकारी शिक्षण सिकाइ र गुणात्मक शिक्षाको लागि विद्यार्थीको निरन्तर मूल्याङ्कन लागू गरेर पनि त्यसको प्रभावकारी कार्यान्वयन हुन नसकेको जानकारी आएको पाइन्छ । निरन्तर विद्यार्थी मूल्याङ्कनको लागि सम्बन्धित शिक्षक, अभिभावक तथा सरोकार निकायले ध्यान दिनु जरुरी हुन्छ । तसर्थ यस पद्धतिलाई निम्नानुसार पक्षहरू वा आधारहरूको अवधारणात्मक निर्माणबाट निरन्तर मूल्याङ्कन गरियो भने त्यो प्रभावकारी हुन सक्छ ।



# परिच्छेद तीन

## अध्ययन विधि

अनुसन्धान कार्यलाई सहज तरिकाले सम्पन्न गर्नको लागि निश्चित तरिका एवम् उपायहरू अपनाइन्छ । यसरी अनुसन्धानलाई सम्पन्न गर्ने तरिका एवम् उपाय सम्बन्धी विधीलाई अध्ययन विधि भनिन्छ । अध्ययन विधि अध्ययको प्रकृति, उद्धेश्य एवम् अनुसन्धानकर्ताको रुचि एवम् आवश्यकतामा निर्भर हुने गर्दछ । विधिले अनुसन्धान कार्यलाई सरल र सहज तरिकाले सम्पन्न गर्नको लागि महत्वपूर्ण भूमिका खेल्दछ । यो अध्ययनमा निम्न लिखित विधीहरूको प्रयोग गरिएको थियो ।

### ३.१ अनुसन्धान ढाँचा

अनुसन्धान ढाँचा अनुसन्धान गरिने विषयको प्रकृति, अध्ययनको उद्धेश्य, सङ्कलित सूचनाहरूको किसिम जस्ता विभिन्न पक्षहरूमा निर्भर गर्दछ । यो अनुसन्धान विद्यार्थीहरूको निरन्तर मूल्याङ्कन प्रणालीका कार्यान्वयनको अवस्थासँग सम्बन्धित रहेकोले यस अध्ययनका लागि कतिपय सूचनाहरू गुणात्मक आवश्यक पर्ने देखिन्छ । तसर्थ यस अध्ययनका लागि परिमाणात्मक तथा गुणात्मक दुवै अनुसन्धान ढाँचाको मिश्रित उपयोग गरिएको थियो ।

### ३.२ नमुना छनौट

नमुना छनौट अन्तर्गतका विभिन्न तत्वहरू वा अनुसन्धान पक्षहरूको निम्नानुसार नमुना छनौट गरिएको थियो ।

#### ३.२.१ जिल्ला छनौट

राजधानीबाट अति नजिक पर्ने जिल्ला सिन्धुपाल्चोक जसलाई शिक्षाको सन्दर्भमा वत्ति मुनिको अध्यारो जिल्ला भनेर पनि चिन्ने गरिन्छ । यस जिल्लामा शिक्षाको अवस्थामा अलि कम विकसित भएको पाइन्छ साथै यस जिल्लामा यो अध्ययन विषयमा कुनै पनि निकायले पुनरावलोकन नगरेको कारण यस जिल्लालाई छनौट गरिएको थियो ।

#### ३.२.२ विद्यालय छनौट

यस अध्ययनको लागि जाल्पादेवी उ.मा.वि. स्रोतकेन्द्रका भोटेचौर गा.वि.स. भित्र पर्ने सामुदायिक विद्यालयहरूमध्ये उद्धेश्यमूलक नमुना छनौट विधीको प्रयोग गरि तीनवटा विद्यालयहरू छनौट गरिएको थियो । ति मध्ये एउटा उच्च मा.वि., दोस्रो नि.मा.वि., र तेस्रो प्रा.वि. (१-३) सम्म सञ्चालन भएको विद्यालय छनौट गरिएको थियो । यी तीन विद्यालय छनौट गर्नुको कारण उच्च मा.वि. शैक्षिक जनशक्ति तथा पक्षले सुविधा सम्पन्न नि.मा.वि. को मध्यम अवस्था र प्रा.वि. (१-३) को न्यून अवस्था रहेकोले छनौट गरिएको थियो ।

### ३.२.३ शिक्षकको छनौट

छनौट गरिएका ३ वटा विद्यालयका प्रधानाध्यापक ३ जना, कक्षा तीनमा गणित, अंग्रेजी र विज्ञान विषय शिक्षण गर्ने प्रत्येक विद्यालयका तीनजना गरि ३ वटा विद्यालयका ९ जना र कक्षा शिक्षक १/१ जना गरि ३ जना र जम्मा १२ जना शिक्षकहरू छनौट गरिएको थियो । खासगरी यस तहमा यी तीन विषयमा तुलनात्मक रूपमा अन्य विषयमा भन्दा विद्यार्थीहरू कमजोर हुने भएकोले, कमजोरी हुने कारण समेत पहिचान गर्न यी तीन विषय शिक्षण गर्ने शिक्षकलाई छनौट गरिएको थियो ।

### ३.२.५ विद्यार्थीको छनौट

निरन्तर विद्यार्थी मुल्याङ्कनले विद्यार्थीको उपलब्धीमा पार्ने प्रभाव पत्ता लगाउनका लागि कक्षा तीन उर्त्तीण गरि कक्षा चारमा अध्ययन गरिरहेको विद्यार्थी मध्ये, प्रत्येक विद्यालयबाट ५/५ जना गरि जम्मा १५ जना विद्यार्थीहरू, सम्भावनामा आधारित नमुना छनौट विधि अन्तर्गतको सामान्य सम्भावनायुक्त नमुना छनोट विधीबाट विद्यार्थी छनोट गरि गणित विषयको उपलब्धी परिक्षण सञ्चालन गरिएको थियो ।

### ३.३ सूचना/तथ्याङ्क संकलनका साधनहरू

यस अध्ययनका लागि आवश्यक सूचना तथा जानकारी संकलन गर्न निम्नलिखित स्रोत तथा साधनको प्रयोग गरिएको थियो ।

### ३.३.१ प्राथमिक स्रोतहरू

सूचना/तथ्याङ्क सङ्कलनका प्राथमिक स्रोतहरू अन्तर्गत देहाय बमोजिमका साधनहरूको प्रयोग गरिएको थियो ।

#### ३.३.१.१ शिक्षक अवधारण (बन्द प्रश्नावली)

सूचना तथा जानकारी संकलनको लागि यस साधनबाट निरन्तर मुल्याङ्कन कार्यान्वयनको अवस्था र यस पद्धतिमा रहेका विभिन्न समस्याहरू पहिचान गर्न शिक्षकको धारणा प्रस्तुत गरिएको थियो । यो साधन कक्षा ३ मा गणित, अंग्रेजी र विज्ञान विषय शिक्षण गर्ने प्रत्येक विद्यालयका ३/३ जना गरी ९ जना र कक्षा शिक्षक ३ जना गरि जम्मा १२ जना शिक्षकलाई अभिमतको स्तर पत्ता लगाउन उपयोग गरिएको थियो । (अनुसुची ६)

### ३.३.१.२ अन्तरवार्ता

छनौट गरिएका प्रत्येक विद्यालयका प्रधानाध्यापक ३ जना र यस स्रोतकेन्द्रका स्रोतव्यक्ति गरि जम्मा ४ जना सँग निरन्तर मूल्याङ्कन सम्बन्धि अंसरचित अन्तरवार्ता सञ्चालन गरिएको थियो । यस क्रममा निरन्तर मूल्याङ्कन प्रणालीको कार्यान्वयनको अवस्था, कार्यान्वयन गर्दा देखिएका समस्याहरू, त्यसका लागि चाहिने सीप तथा सक्षमता आदि जस्ता पक्षहरूमा केन्द्रित भई सूचना संकलन गरिएको थियो । (अनुसूची ८)

### ३.३.१.३ प्रश्नावली

छनौट गरिएका प्रत्येक विद्यालयका ३/३ जना गरी तीनवटा विद्यालयका ९ जना शिक्षकलाई निरन्तर मूल्याङ्कनसँग सम्बन्धित गरि खुल्ला प्रश्नावली भराइएको थियो । प्रश्नावलीमा विद्यार्थीको निरन्तर मूल्याङ्कन कसरी गरिएको छ, अभिलेख कसरी राखिएको छ? कुन-कुन पक्षलाई मूल्याङ्कन गरिएको छ, कार्यान्वयन गर्दा कस्ता कस्ता समस्या देखापरेका छन् जस्ता पक्षहरू समावेश गरि सूचना संकलन गरिएको थियो । (अनुसूची ७)

### ३.३.२ सहायक स्रोतहरू

सूचना संकलनका लागि सहायक स्रोतहरू अन्तर्गत निम्नानुसारको साधनबाट सूचना सङ्कलन गरिएको थियो ।

### ३.३.२.१ विद्यार्थी कार्यसञ्चयिका अभिलेख

नमुना छनौट परेका विद्यार्थीको निरन्तर मूल्याङ्कन प्रणालीले निर्दिष्ट गरको पक्षहरूको मूल्याङ्कन के कसरी गरि राखिएको छ, मूल्याङ्कन र सञ्चालन गरिएको उपलब्धी परीक्षण बीच अध्ययन गरि यस पद्धतिमा प्रभाव पार्ने तत्व पत्ता लगाउने प्रयास गरिएको थियो ।

### ३.३.२.२ उपलब्धी परीक्षण

छनौट गरिएका ३ वटा विद्यालयका नमुना छनौट भित्र परेका विद्यार्थीहरूलाई गणित विषयको उपलब्धी परक्षिण सञ्चालन गरिएको थियो । यस साधनबाट विद्यार्थीको कार्यासञ्चयिकामा राखिएको अभिलेख र सञ्चालन गरिएको उपलब्धी परक्षिण वीच तुलना गरि निरन्तर मूल्याङ्कन प्रणालीको प्रभावकारीता तथा अवस्था अध्ययन गरिएको थियो । (अनुसूची ५)

### ३.४ साधनको बैद्यता

यस अध्ययन कार्यका लागि निर्माण गरिएका साधनहरूलाई शोधकर्ताको निर्देशक, त्यस नमुना क्षेत्रमा कार्यरत विद्यालय निरीक्षक, स्रोतव्यक्ति, प्र.अ.हरूसँगको सल्लाह सुझावबाट र साधनलाई पूर्व परीक्षण गरी बैद्यता निर्धारण गरिएको थियो ।

### ३.५ सूचना संकलन प्रक्रिया

यस अध्ययनका लागि अनुसन्धानकर्ता आफै अध्ययन क्षेत्रमा गएर प्राथमिक सूचना तथा जानकारी संकलनका स्रोतहरूबाट गहन अन्तरवार्ता, बन्द तथा खुल्ला प्रश्नावली र अवलोकन विधीहरूको माध्यमबाट गरिएको थियो । प्राप्त सूचनालाई शिक्षक, प्रधानाध्यापक र विद्यार्थी अभिलेख विवरणसँग त्रिकोणात्मक जाँच गरी वैद्यता निर्धारण गरिएको थियो ।

### ३.६ सूचनाको विश्लेषण र व्याख्या

यस अध्ययनको लागि आवश्यक सूचना तथा जानकारी विभिन्न स्रोतबाट सङ्कलन गरेपछि, सूचनाको प्रकृति र स्वरूप अनुसार संगठन, वर्गीकरण र तालिकीकरण गरी आवश्यक अनुसार गुणात्मक र परिमाणात्मक विधीको प्रयोग गरी अध्ययनका अनुसन्धानात्मक प्रश्नमा आधारित भई उद्देश्यअनुरूप सूचनाको विश्लेषण र व्याख्या गरिएको थियो ।

## परिच्छेद चार

## तथ्याङ्कको विश्लेषण र व्याख्या

यस अध्ययनका लागि सिन्धुपाल्चोक जिल्ला अन्तर्गत भोटेचार गा.वि.स. भित्र सञ्चालित एउटा प्राथमिक विद्यालय (कक्षा १ देखि ३ सम्म सञ्चालन भएको), एउटा नि.मा.वि. र एउटा उच्च माध्यमिक विद्यालय गरी जम्मा ३ वटा विद्यालयहरूलाई नमुनाको रूपमा छनौट गरिएको थियो । यि विद्यालयहरू सम्भावनारहित नमुना छनौट पद्धति अन्तर्गतको उद्देश्यमूलक नमुना छनौट पद्धतिबाट छनौट गरिएको थियो ।

निरन्तर मूल्याङ्कन प्रणाली कार्यान्वयनको अवस्थाको बारेमा शिक्षकहरूको धारणा, सोचाइ, वा विचार के कस्तो छ भनी उनीहरूको त्यसबारे अभिमतको स्तर पत्ता लगाउन छनोट गरिएका ३ वटै विद्यालयका कक्षा ३ को गणित, विज्ञान र अंग्रेजी शिक्षण गर्ने शिक्षकहरू ९ जना र तीनवटा विद्यालयका कक्षा शिक्षक ३ वटा गरी जम्मा १२ जना शिक्षक समक्ष तोकिएको ढाँचाको शिक्षक अवधारणा प्रश्नावली प्रस्तुत गरी प्रतिक्रियाहरू छनोट गर्न लगाइएको थियो ।

त्यसैगरी छनोट गरिएका ३ वटै विद्यालयका कक्षा तीनमा गणित, विज्ञान र अंग्रेजी शिक्षण गर्ने शिक्षकहरूलाई निरन्तर मूल्याङ्कन प्रणालीको कार्यान्वयन पक्ष सम्बन्धमा केन्द्रित रहेर निर्माण गरिएको खुल्ला प्रश्नावली पनि प्रस्तुत गरी भराइएको थियो । छनौट गरिएका ३ वटै विद्यालयका ३ जना प्रधानाध्यापक र त्यस स्रोतकेन्द्रका स्रोतव्यक्तिलाई निरन्तर मूल्याङ्कन प्रणालीको अवस्थाबारे बुझ्न अंसरचित अन्तरवार्ता लिइएको थियो ।

त्यसैगरी ती ३ वटा विद्यालयबाट छनोट गरिएका १५ जना कक्षा ३ उर्त्तिण गरिसकेको कक्षा ४ मा अध्ययनरत विद्यार्थीहरूलाई गणित विषयको बस्तुगत बहुउत्तर समावेश भएको उपलब्धी परीक्षण प्रशासन गरि प्राप्त प्राप्ताङ्को आधारमा निरन्तर मूल्याङ्कनको प्रभावकारिता पत्ता लगाइएको थियो ।

माथि उल्लेखित सम्पूर्ण कार्यहरू गर्दा प्राप्त भएका तथ्याङ्क संकलनका प्रत्येक साधनहरूबाट प्राप्त सूचना/तथ्याङ्कहरूको सविस्तार व्याख्या एवं विश्लेषण देहाय बमोजिम गरिएको छ ।

### ४.१ निरन्तर विद्यार्थी मुल्याङ्कन प्रणाली कार्यान्वयनको अवस्था वारे शिक्षकको अवधारणा

निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको कार्यान्वयनको अवस्था बारे प्राथमिक तहका शिक्षकहरूको अभिमत स्तर पत्ता लगाउन यस साधनको प्रमुख उद्देश्य थियो । निरन्तर विद्यार्थी मुल्याङ्कनका सन्दर्भमा शिक्षकहरूको सोच, विचार चाहना, धारणा अभिवृत्ति के कस्तो छ ? किन निरन्तर मूल्याङ्कन प्रणाली कार्यान्वयनमा आउन सकिरहेको छैन ? शिक्षकहरूको चाहना के हो ? कसरी यस मूल्याङ्कन प्रणालीलाई

प्रभावकारी बनाउन सकिन्छ ? भन्ने कुरा पहिचान गर्न शिक्षकको अन्तरआत्मामा प्रवेश गरि उनीहरूको धारणा, सोचाइ, विचार, पत्ता लगाउनु यस शिक्षक अवधारणा प्रश्नावलीको प्रमुख आशय हो ।

यस प्रयोजनका लागि अनुसूची ६ मा उल्लेख गरिएको ढाँचामा शिक्षक अवधारणा प्रश्नावली छनौट गरिएका ३ वटा विद्यालयका गणित, विज्ञान र अंग्रेजी शिक्षण गर्ने ९ जना शिक्षकहरू र ३ वटा विद्यालयका कक्षा ३ वटा कक्षा शिक्षक गरि जम्मा १२ जना शिक्षकहरू समक्ष प्रस्तुत गरिएको थियो । निरन्तर मूल्याङ्कन प्रणाली सम्बन्धी २० वटा वाक्यांश निर्माण गरि प्रतिक्रिया छनोट गर्न लगाइएको थियो ।

अनुसूची ६ मा उल्लेख गरिएका शिक्षकको अवधारणा प्रश्नावलीमा दिइएको प्रतिक्रियास्तरलाई उच्च, मध्यम र न्यून वर्गमा विभाजन गरि क्रमिक रूपमा व्याख्या एवं विश्लेषण गरिएको छ ।

### ४.१.१ शिक्षक अवधारणाहरूको प्रतिक्रिया उच्च रहेका वाक्यांशहरूको व्याख्या एवं विश्लेषण

अनुसूची १० अनुसार प्रतिक्रियास्तर उच्च रहेका कथन वाक्यांश र शिक्षकले व्यक्त गरेका प्रतिक्रियाहरूको प्रतिशतलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका नं. ४.१**

**शिक्षक अवधारणाहरूको प्रतिक्रिया उच्च रहेका वाक्यांशहरू र प्रतिक्रिया छनोट गर्ने शिक्षकको प्रतिशत**

| कथन क्रमाङ्क | वाक्यांश | विभिन्न प्रतिक्रिया छनोट गर्ने शिक्षक % |
|---|---|---|
| १ | प्राथमिक तहमा निरन्तर मूल्याङ्कन लागु गर्दा विद्यार्थीको सही मुल्याङ्कन गर्न सकिन्छ । | पूर्ण सहमत = ८३.३३%<br>सहमत = १६.६७%<br>जम्मा = १००% |
| २ | विद्यार्थीको कक्षा दोहोराउने दरमा कमि ल्याउन उदारकक्षोन्नति व्यवस्था सान्दर्भिक हुन्छ । | पूर्ण सहमत = ७५%<br>सहमत = २५%<br>जम्मा = १००% |
| ६ | विद्यार्थीहरूको समुचित मूल्याङ्कनका लागि शिक्षकमा विशेष सीप वा तालिमको आवश्यकता छ । | पूर्ण सहमत = ९१.६७%<br>सहमत = ८.३३%<br>जम्मा = १००% |
| १० | कक्षाकार्य, गृहकार्य, उपस्थिति तथा विद्यालयीय अतिरिक्त क्रियाकलापमा सहभागि जस्ता पक्षहरूलाई पनि मूल्याङ्कन भित्र समेट्नुपर्छ । | पूर्ण सहमत = ५८.३३%<br>सहमत =४१.६७%<br>जम्मा = १००% |
| १६ | सरकारी स्तरबाट निरन्तर विद्यार्थी मूल्याङ्कनका विभिन्न पक्षहरूवारे जानकारी र सीप विकास गर्न तालिम सिर्जना गरिनुपर्दछ । | पूर्ण सहमत = ५८.३३%<br>सहमत = ४१.६७%<br>जम्मा = १००% |
| १९ | लिखित/आवधिक परीक्षासँगसँगै निरन्तर मूल्याङ्कन पनि गर्न सकियो भने त्यो प्रभावकारी हुन सक्दछ । | पूर्ण सहमत = ५८.३%<br>सहमत = ४१.६७%<br>जम्मा = १००% |

स्रोत स्थलगत सर्वेक्षण, २०६९ ।

माथि प्रस्तुत तालिकामा प्रस्तुत गरिएका वाक्यांश कथनहरूमा शिक्षकहरूको अभिमतस्तरलाई हेर्दा यी वाक्यांश कथनलाई शिक्षकहरूको प्रतिक्रियास्तर सबैभन्दा उच्च देखिएको पाइयो ।

कथन क्रमाङ्क १ मा 'प्राथमिक तहमा निरन्तर मूल्याङ्कन लागु गर्दा विद्यार्थीको सही मूल्याङ्कन गर्न सकिन्छ' भन्ने कथनको पक्षमा ८३.३३% भनदा बढी शिक्षकहरूको पूर्ण सहमति र १६% शिक्षकहरूले सहमति जनाए । तर यस कथनमा असमति जनाउने शिक्षक एउटा पनि नहुनाले प्राथमिक तहमा निरन्तर मूल्याङ्कन प्रभावकारी हुने कुरा प्रति शिक्षकहरूको अत्यन्त सकारात्मक धारणा रहेको पाइयो ।

'विद्यार्थीको कक्षा दोहोऱ्याउने दरमा कमी ल्याउन उदार कक्षोन्नति व्यवस्था सान्दर्भिक हुन्छ' ( कथन क्रमाङ्क २) भन्ने कथनमा करिव ७५% पूर्ण सहमत र २५% सहमत भएको देखिन्छ । यस कथनमा असहमतमा कुनै पनि शिक्षकको अवधारणा पाइएन । त्यसकारणले उदारकक्षोन्नतिले विद्यालयमा निरन्तर उपस्थित हुने वातावरण सिर्जना गर्ने गर्दछ भन्ने कुरा पाइयो ।

२० वटै वाक्यांश/कथनहरूमध्ये सवैभन्दा उच्च प्रतिक्रियास्तर भएको कथन ६ हो यस कथनमा "विद्यार्थीको समुचित मूल्याङ्कनको लागि शिक्षकमा विशेष सीप वा तालिमको आवश्यकता छ" भन्ने कुरामा करिव ९२% शिक्षकहरूले पूर्ण सहमत र ८% शिक्षकले सहमति जनाएका थिए । यसबाट शिक्षकहरूले निरन्तर मूल्याङ्कनको लागि विशेष सीप वा तालिमको अपेक्षा राखेका छन् भन्ने कुरा पाइयो ।

कक्षा कार्य, गृहकार्य, उपस्थिति तथा अन्य विद्यालयीय अतिरिक्त क्रियाकलापहरूलाई समेत निरन्तर मूल्याङ्कन भित्र समेट्नुपर्छ' (क्रमाङ्क १०) भन्ने कथनमा करिव ५८% पूर्ण सहमत र ४२% सहमत भएको देखियो । यसबाट भन्न सकिन्छ कि शिक्षकहरू निरन्तर मूल्याङ्कन भित्र विभिन्न अतिरिक्त क्रियाकलपाहरू पनि समेटेर मूल्याङ्कन गर्नु पर्छ भन्ने मान्यता रहेको देखिन्छ ।

त्यसैगरी कथन क्रमाङ्क १६ मा "सरकारी स्तरबाट नै विद्यार्थी मूल्याङ्कनका विभिन्न पक्षहरूवारे जानकारी र सीप विकास गर्न तालिम सिर्जना गरिनुपर्दछ" भन्नेमा करिव ५८% पूर्ण सहमत र ४२% सहमत भएको पाइयो । यसबाट शिक्षकका पुनर्ताजकि तालिमको आवश्यक पर्दछ भन्ने कुराका साथै ती निकायबाट तालिम वा सीप विकास गर्ने कार्यक्रमहरू आयोजना गरिनुपर्दछ भन्ने कुरा थाहा हुन्छ ।

'लिखित/आवधिक परीक्षा सँगसँगै निरन्तर मूल्याङ्कन पनि गर्न सकियो भने त्यो प्रभावकारी हुन सक्दछ' (कथन क्रमाङ्क १९) भन्ने कथनमा ५८% पूर्ण सहमत र ४२% सहमत भएको देखियो । यसवाट निरन्तर मूल्याङ्कनका साथै लिखित/आवधिक परीक्षा पनि लिनुपर्छ भन्ने कुरा जानकारी गर्न सकिन्छ ।

### ४.१.२ शिक्षक अवधारणाहरूको प्रतिक्रिया मध्यम रहेका वाक्यांशहरूको व्याख्या एवं विश्लेषण

अनुसूची १० अनुसार प्रतिक्रिया मध्यम रहेका वाक्यांश/कथन र ती कथनमा शिक्षकहरूले व्यक्त गरेका प्रतिक्रियाको प्रतिशतलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.२**
**शिक्षक अवधारणाहरूको प्रतिक्रिया मध्यम रहेका वाक्यांश र शिक्षकले छनोट गरिएको प्रतिक्रियाको प्रतिशत**

| कथन क्रमाङ्क | वाक्यांश | विभिन्न प्रतिक्रिया छनोट गर्ने शिक्षक % |
|---|---|---|
| ३ | विद्यार्थीहरूको कक्षा छाड्ने दरमा कमी ल्याउन उदार कक्षोन्नति व्यवस्था सान्दर्भिक हुन्छ । | पूर्ण सहमत = ५०%<br>सहमत = ५०%<br>जम्मा = १००% |
| ४ | निरन्तर विद्यार्थी मूल्याङ्कन व्यावहारिक रूपबाट लागु गर्न सकिएको छ । | पूर्ण सहमत = ५०%<br>सहमत = ३३.३३%<br>अनिर्णित = १६.६७%<br>जम्मा = १००% |
| ५ | विद्यार्थी संख्या अधिक हुनु नै निरन्तर मूल्याङ्कन प्रणालीमा प्रभाव पार्ने प्रमुख तत्व हो । | पूर्ण सहमत = १६.६७%<br>सहमत = ५०%<br>असहमत = १६.६७%<br>पूर्ण असहमत = ८.३३%<br>जम्मा = १००% |
| ७ | कार्यसञ्चयिका (पोर्टफोलियो)व्यवस्थापनि विद्यार्थी मूल्याङ्कनको प्रमुख साधन हुन सक्छ । | पूर्ण सहमत = ३३.३३%<br>सहमत = ५०%<br>असहमत = १७%<br>जम्मा = १००% |
| ८ | विद्यार्थी कार्यसञ्चयिका राम्रोसँग राख्न सकिएको छ । | पूर्ण सहमत = १६.६७%<br>सहमत = ५०%<br>असहमत = २५%<br>पूर्ण असहमत = ८.३३%<br>जम्मा = १००% |
| १२ | कक्षा छाड्ने दरमा उच्चता ल्याउने प्रमुख कारणहरूमध्ये अनुत्तिर्ण दर उच्च हुनु हो । | पूर्ण सहमत = ४१.६६%<br>सहमत = ४१.६६%<br>असहमत = १६.६७%<br>जम्मा = १००% |
| १३ | अनुतिर्ण दर उच्च हुनुको प्रमुख कारण विद्यमान आवधिक र लिखित परीक्षा हो । | पूर्ण सहमत = ४१.६६%<br>सहमत = ५०%<br>असहमत = ८.३३%<br>जम्मा = १००% |
| १४ | उदार कक्षोन्तिबाट कक्षा चढाउँदा माथिलो विद्यार्थीको उपलब्धिस्तर कमजोर हुन्छ । | पूर्ण सहमत = ३३.३३%<br>सहमत = ५०%<br>पूर्ण असहमत = १६.६७%<br>जम्मा = १००% |
| १५ | विद्यार्थीका सम्पूर्ण क्रियाकलापको निरन्तर रूपमा मूल्याङ्कन गर्न विद्यालयमा भौतिक व्यवस्थापन पक्ष उच्च स्तरको हुनुपर्दछ । | पूर्ण सहमत = २५%<br>सहमत = ५०%<br>असहमत = २५%<br>जम्मा = १००% |
| १७ | जिम्मेवार निकायबाट नै विद्यार्थी मूल्याङ्कनका तरिका, रणनीतिबारे निर्देशन प्राप्त हुनाले नै विद्यार्थी मूल्याङ्कनको वर्तमान नीति अपनाउँदेन आएका हुन् । | पूर्ण सहमत = २५%<br>सहमत = ४१.६७%<br>असहमत = २५%<br>पूर्ण असहमत = ८.३३%<br>जम्मा = १००% |

स्रोत : स्थलगत सर्वेक्षण, २०६९ ।

अनुसूची १० को तालिकामा प्रस्तुत गरिएको वाक्यांश/प्रतिक्रियाहरू हेर्दा वाक्यांश कथन क्रमाङ्क ३,४,५,७,८,१२,१३,१४,१५ र १७ मा मध्यम प्रतिक्रिया दिएको पाइयो । यहाँ प्रतिक्रिया स्तर मध्यम रहेका वाक्यांशमा शिक्षकहरूको प्रतिक्रियाका आधारमा निरन्तर मुल्याङ्कन सम्बन्धी शिक्षक अवधारणा विचारहरूलाई यसरी व्याख्या एवम् विश्लेषण गरिएको छ ।

विद्यार्थीहरूको कक्षा छाड्ने दरमा कमी ल्याउन उदार कक्षोन्नति व्यवस्था सान्दर्भिक हुन्छ ( क्रमाङ्क ३) भन्ने कथनमा ५० प्रतिशत पूर्ण सहत र ५० प्रतिशत सहमत रहेको पाइयो । यसबाट प्रभावकारी उदार कक्षोन्नतिको कक्षा छाड्ने दरमा कमी ल्याउन सहयोग गर्दछ भन्ने कुरा बुझिन्छ ।

कथन क्रमाङ्क ४ मा 'निरन्तर विद्यार्थी मूल्याङ्कन व्यवहारिक रूपबाट लागू गर्न सकिएको छ' भन्ने कथनमा ५० प्रतिशत सहमत, ३३ प्रतिशत असहमत र १७ प्रतिशत अनिश्चित धारणा पाइयो । त्यसबाट यो मूल्याङ्कन प्रणाली पूर्ण रूपमा लागू गर्न नसकिएको हो कि भन्ने कुरा जानकारी गर्न सकिन्छ ।

कथन क्रमाङ्क ५ 'विद्यार्थी संख्या अधिक हुनु नै निरन्तर मूल्याङ्कन प्रणालीमा प्रभाव पार्ने प्रमुख तत्व हो' भन्ने कथनमा १७ प्रतिशत पूर्ण सहमत, ५० प्रतिशत सहमत, १७ प्रतिशत असहमत र ८ प्रतिशत पूर्ण असहमत पाइयो । यसबाट धेरै विद्यार्थी भएको विद्यालयमा निरन्तर मूल्याङ्कन गर्न केही कठिन हुन्छ भन्ने कुरा जानकारी गर्न सकिन्छ ।

'कार्य सञ्चयिका (पोर्टफोलियो) व्यवस्थापन विद्यार्थी मूल्याङ्कनको प्रमुख साधन हुन सक्दछ' ( कथन क्रमाङ्क ७) भन्ने कथनमा पूर्ण सहमत ३३.३३ प्रतिशत, सहमत ५० प्रतिशत र असहमत १७.६७ प्रतिशत प्राप्त भयो । यसबाट शिक्षकहरू कार्य सञ्चयिका व्यवस्थपनमा केही अनभिज्ञ भएको हो कि भन्ने कुरा जानकारी गर्न सकिन्छ ।

त्यसैगरी क्रमाङ्क ८ मा 'विद्यार्थी कार्यसञ्चयिका राम्रोसँग राख्न सकिएको छ भन्ने कथनमा १७ प्रतिशत पूर्ण सहमत, ५० प्रतिशत सहमत, २५ प्रतिशत असहमत र पूर्ण असहमत ८ प्रतिशत पायो । यसले शिक्षकहरूले विद्यार्थी कार्यसञ्चयिका पूर्ण रूपमा व्यवस्थित तरिकाले राख्न सकिरहेका छैनन् भन्ने कुरा जानकारी गर्न सकिन्छ ।

कथन क्रमाङ्क १२ मा 'कक्षा छाड्ने दरमा उच्चता ल्याउने प्रमुख कारणहरूमध्ये अनुत्तीर्ण दर उच्च हुनु हो' धारणा प्रति करिब ४२ प्रतिशत पूर्ण सहमत, ४२ प्रतिशत सहमति र १६ प्रतिशत असहमति भएको पाइयो । यसबाट कक्षा छाड्ने दर उच्च हुनु एउटा अनुत्तीर्ण पनि हो, त्यसैगरी अरु तत्व पनि रहेका छन् भन्ने कुरा पाउन सकिन्छ ।

'विद्यार्थी अनुत्तीर्ण दर उच्च हुनुको प्रमुख कारण विद्यमान आवधिक र लिखित परीक्षा हो' (कथन क्रमाङ्क १३) भन्ने कथनमा पूर्ण सहमत ४२ प्रतिशत, ५० प्रतिशत सहमत र ८ प्रतिशत असहमत भएको पाइयो । यसबाट विद्यार्थीहरू लिखित परीक्षाबाट डराउनुका साथै हतोत्साहित हुने कुरा बुझिन्छ ।

त्यसैगरी कथन क्रमाङ्क १४ मा 'उदार कक्षोन्नतिबाट कक्षा चढाउँदा माथिल्लो विद्यार्थीको उपलब्धि स्तर कमजोर हुन्छ भन्ने कथनमा ३३ प्रतिशत पूर्ण सहमत, ५० प्रतिशत सहमत र १७ प्रतिशत पूर्ण असहमत भएको पाइयो । यसबाट अधिकांश शिक्षकले निरन्तर मूल्याङ्कन प्रणालीको मर्म नबुझी कक्षा चढाउने चलन र हचुवाको भरमा निरन्तर मूल्याङ्कन गर्दा माथिल्लो कक्षामा चढाउँदा उपलब्धिमा असर गर्दछ भन्ने कुरा पाइन्छ ।

कथन क्रमाङ्क १५ मा 'विद्यार्थीका सम्पूर्ण क्रियाकलापको निरन्तर रूपमा मूल्याङ्कन गर्न विद्यालयमा भौतिक व्यवस्थापन पक्ष उच्च स्तरको हुनुपर्दछ' भन्ने कथन उल्लेख गरिएको छ । यसमा पूर्ण सहमत २५ प्रतिशत, सहमत ५० प्रतिशत र असहमत २५ प्रतिशत पाइयो । यसबाट विद्यालयको भौतिक अवस्थाले पनि निरन्तर मूल्याङ्कन प्रणालीलई प्रभाव पार्ने तत्वको रूपमा बुझ्न सकिन्छ ।

कथन क्रमाङ्क १७ 'जिम्मेवार निकायबाट नै विद्यार्थी मूल्याङ्कनका तरिका रणनीतिबारे निर्देशन प्राप्त हुनाले नै विद्यार्थी मूल्याङ्कनको वर्तमान नीति अपनाउँदै आएका छन्' भन्ने कथनप्रति पूर्ण सहमत २५ प्रतिशत, सहमत ४२ प्रतिशत, अनिर्णित २५ प्रतिशत, असहमत ८ प्रतिशत रहेको पाइयो । यसबाट के भन्न सकिन्छ भने सरकारी निकायबाट त्यस्तो खासै निर्देशन, अनुगमन, तालिम, सेमिनार, सम्बन्धी कुनै कार्यक्रम कम भएको हो कि भन्ने कुरा प्राप्त गर्न सकिन्छ ।

### ४.१.३ प्रतिक्रिया न्यून रहेका वाक्यांशका आधारमा शिक्षक अवधारणाहरूको व्याख्या एवम् विश्लेषण

अनुसूची १० मा प्रस्तुत तालिका अनुसार प्रतिक्रिया स्तर न्यून रहेका कथन क्रमांक, वाक्यांश र ती कथनमा शिक्षकले छनोट गरेको प्रतिक्रियाको प्रतिशत तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.३**

**शिक्षक अवधारणाहरूको प्रतिक्रिया न्यून रहेका वाक्यांश र शिक्षकले छनौट गरेका प्रतिक्रियाको प्रतिशत**

| कथन क्रमाङ्क | वाक्यांश | विभिन्न प्रतिक्रिया छनौट गर्ने शिक्षक | प्रतिशत (%) |
|---|---|---|---|
| ९ | आवधिक परीक्षाबाट मात्र प्राथमिक तहका विद्यार्थीहरूको समग्र उपलब्धि स्तरको सही मूल्याङ्कन हुन सक्दछ । | पूर्ण सहमत | १६.६७ |
| | | सहमत | २५ |
| | | अनिर्णित | २५ |
| | | असहमत | १६.६७ |
| | | पूर्ण असहमत | १६.६७ |
| | | जम्मा | १०० |
| ११ | सामुदायिक विद्यालयको शिक्षकहरूको वर्तमान सेवा सुविधाका शर्तहरू सबल नभएकोले शिक्षकहरूमा यसप्रतिका चासो र सरोकार न्यून भएको हो । | पूर्ण सहमत | ३३.३३ |
| | | सहमत | ८.३३ |
| | | अनिर्णित | १६.६७ |
| | | असहमत | २५ |
| | | पूर्ण असहमत | १६.६७ |
| | | जम्मा | १०० |
| १८ | माथिल्ला तहमा लिखित र आवधिक परीक्षालाई विद्यँर्थी मूल्याङ्कनको प्रमुख साधन मानिने भएकाले तल्लो तहमा निरन्तर मूल्याङ्कन प्रभावकारी हुन सक्दैन । | सहमत | ३३.३३ |
| | | अनिर्णित | २५ |
| | | असहमत | २५ |
| | | पूर्ण असहमत | १६.६७ |
| | | जम्मा | १०० |
| २० | विद्यार्थी मूल्याङ्कनका लागि विद्यालयमा छुट्टै संयन्त्र गठन गरिनुपर्दछ, जसले विद्यार्थीको हरेक क्रियाकलापहरूको रेकर्ड राख्न के अद्यावधिक गर्ने आदि जस्ता कार्यहरू गरोस् । | सहमत | १६.६७ |
| | | अनिर्णित | २५ |
| | | असहमत | ३३.३३ |
| | | पूर्ण असहमत | २५ |
| | | जम्मा | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६९ ।

माथि प्रस्तुत तालिकामा निरन्तर विद्यार्थी मूल्याङ्कन र उदार कक्षोन्नतिका बारेमा विभिन्न पक्षहरू वा धारणाहरू समावेश गरिएका कथन/वाक्यांश अन्तर्गत न्यून प्रतिक्रिया भएका वाक्यांश/कथन र शिक्षकले दिएको प्रतिक्रिया प्रतिशत देखाइएको छ । कथन क्रमाङ्क ९ मा आवधिक परीक्षाबाट मात्र प्राथमिक तहमा विद्यार्थीहरूको समग्र उपलब्धि स्तरको सही मूल्याङ्कन हुन सक्दछ भन्ने उल्लेख छ ।

यसमा पूर्ण सहमत १७ प्रतिशत, सहमत २५ प्रतिशत, अनिर्णित २५ प्रतिशत, असहमत १७ प्रतिशत र पूर्ण असहमत १६ प्रतिशत भएको पाइयो । यसबाट प्राथमिक तहका शिक्षकहरू यस तहमा आवधिक परीक्षाबाट मात्र विद्यार्थीको समग्र उपलब्धि स्तरको सही मूल्याङ्कन गर्न सकिन्छ भन्ने पक्षमा नभएको पाइयो । यसबाट अधिकांश शिक्षकले आवधिक परीक्षाबाट मात्रै यस तहमा मूल्याङ्कन गर्न सकिँदैन भन्ने कुरा स्पष्ट हुन्छ ।

त्यसैगरी कथन क्रमाङ्क ११ मा 'सामुदायिक विद्यालयका शिक्षकहरूमा वर्तमान सेवा सुविधाका शर्तहरू सबल नभएकाले शिक्षकहरूमा यस प्रतिशतले चासो र सरोकार न्यून भएको हो' भन्ने कथन उल्लेख छ । यस कथनमा ३३.३३ प्रतिशत पूर्ण सहमत, ८.३३ प्रतिशत सहमत, १६.६७ प्रतिशत अनिर्णित, २५ प्रतिशत असहमत, र १६.६७ प्रतिशत पूर्ण असहमत पाइयो । यसबाट अधिकांश सामुदायिक विद्यालयका शिक्षकहरू सेवा सुविधाबाट सन्तुष्ट नै भएको पाइन्छ ।

माथिल्ला तहमा लिखित र आवधिक परीक्षालाई विद्यार्थी मूल्याङ्कनको प्रमुख साधन मानिने भएकोले तल्लो तहमा निरन्तर मूल्याङ्कन प्रभावकारी हुन सक्दैन' भन्ने कथन १८ मा ३३.३३ प्रीतशत सहमत, २५ प्रतिशत अनिर्णित, २५ प्रतिशत असहमत र १६.६७ प्रतिशत पूर्ण असहमत पाइयो । यसबाट यस भनाइलाई शिक्षकबाट पूर्ण रूपले अस्वीकार गरेको पाइयो ।

त्यसैगरी कथन क्रमाङ्क २० मा 'विद्यार्थी मूल्याङ्कनका लागि विद्यालयमा छुट्टै संयन्त्र गठन गरिनुपर्दछ जसले विद्यार्थीको हरेक क्रियाकलापहरूको रेकर्ड राख्न अद्यावधिक गर्ने यस्ता कार्यहरू गरोस्' भन्ने उल्लेख गरेको छ । जसमा सहमत १६.६७ प्रतिशत, अनिर्णित २५ प्रतिशत, असहमत ३३.३३ प्रतिशत र पूर्ण असहमत २५ प्रतिशत भएको पाइयो । यसबाट मूल्याङ्कन जसले शिक्षण गर्दछ त्यसैले गर्नुपर्दछ र शिक्षकभन्दा अन्य पक्षले मूल्याङ्कन गरे त्यो प्रभावकारी झनै हुँदैन भन्ने आशय पाउन सकिन्छ ।

### ४.२ निरन्तर मूल्याङ्कन प्रणाली कार्यान्वयनको अवस्था

निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली संचालन गर्दा देखापरेका कठिनाइहरू उदार कक्षोन्नति आाधारहरू, विद्यार्थीको तह निर्धारणको लागि गरिएका कार्यहरू, पोर्टफोलियो व्यवस्थापन, कक्षा अनुत्तीर्ण दर बढी हुनुका कारणहरू, विद्यार्थीको सिकाइ उपलब्धि मूल्याङ्कन गर्न अपनाइएका मूल्याङ्कनका साधनहरू जस्ता विविध प्रश्नहरूमा शिक्षकहरू, प्रधानाध्यापकहरूको राय, सुझाव बुझ्ने उद्देश्यले छनौट गरिएका तीनवटा विद्यालयका ९ वटा शिक्षकलाई खुल्ला प्रश्नावली (अनुसूची ७ बमोजिम), प्रधानाध्यापकहरूलाई असंरचित अन्तर्वार्ता (अनुसूची ८ बमोजिम) र श्रोत व्यक्तिलाई असंरचित अन्तर्वार्ता (अनुसूची ९ बमोजिम) को ढाँचामा गरिएको थियो ।

### ४.२.१ प्रश्नावलीबाट प्राप्त सूचना/तथ्यांकहरूको व्याख्या एवम् विश्लेषण

यस अध्ययनका लागि छनौट गरिएका ३ वटा विद्यालयका ९ जना शिक्षकहरूलाई निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीका विभिन्न पक्षहरू जस्तैः निरन्तर मूल्याङ्कन प्रणाली कसरी प्रयोग गर्दै आउनु भएको छ ? विद्यार्थीको सिकाइमा कस्तो प्रभाव परेको छ ? संचालन गर्दा कस्ता समस्या भोग्नुपरेको छ ? यसको अवस्था सुधार्न के के गर्नुपर्दछ ? यसको वर्तमान अवस्था सम्बन्धी, यसलाई प्रभावकारी बनाउन के के गर्न सकिएला जस्ता प्रश्नमा आधारित भई खुल्ला प्रश्नावली कार्यक्रम संचालन गरिएको थियो । प्रश्नावली अनुसूची ७ बमोजिम गरिएको थियो ।

यहाँ खुल्ला प्रश्नावली कार्यक्रमबाट प्राप्त भएका सूचनाहरूलाई क्रमबद्ध रूपमा देहाय बमोजिम व्याख्या एवम् विश्लेषण गरिएको छ ।

#### ४.२.२.१ निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयनको वर्तमान अवस्था

छनौट गरिएका ३ वटै विद्यालयमा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली प्रयोग भएको पाइयो । कक्षा १-३ मा पूर्ण रूपमा मूल्याङ्कन प्रक्रिया निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीबाट गर्ने प्रावधान पाइयो । कक्षा ४ र ५ मा ५० प्रतिशत लिखित परीक्षाबाट वा आवधिक परीक्षाबाट र ५० प्रतिशत निरन्तर मूल्याङ्कन प्रणालीबाट मूल्याङ्कन गर्ने प्रावधान निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयन पुस्तिकामा उल्लेख गरेको पाइन्छ । तर कक्षा १–३ मा पूर्ण रूपले मूल्याङ्कन निरन्तर मूल्याङ्कन पद्धतिबाट मात्र गरेको पाइएन । समुदायका अभिभावकहरूको बुझाई निरन्तर मूल्याङ्कन प्रणाली सम्बन्धी कमी भएको कारणले परीक्षा नलिई कक्षा चढाउने काम राम्रो होइन भन्ने कुरा व्यापक आएकाले अभिभावकको चित्त बुझाउन परीक्षा पनि आवधिक लिई लब्धाङ्कपत्रमा देखाइन्छ भन्ने कुरा शिक्षकबाट जानकारी भयो । शिक्षकहरूमा यस मूल्याङ्कन प्रणालीको वास्तविक ध्यान नहुँदा यसको मर्म अनुसार यसलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न कठिन परेको पाइयो । विद्यालयमा निरन्तर मूल्याङ्कन प्रणालीलाई हेर्ने हो भने कागजी रूपमा पूर्ण रूपमा लागू गरिएको तर विद्यार्थीको सिकाइ उपलब्धि अत्यन्तै कम भएको देखियो । साथै निरन्तर मूल्याङ्कन दैनिक तथा साप्ताहिक नगरेर आवधिक परीक्षामा मात्र रेजाको आधारमा मूल्याङ्कन गरेको पाइयो । यस मूल्याङ्कनमा निरन्तर रूपमा गर्नुपर्ने मूल्याङ्कन पक्षहरू जस्तैः कक्षाकार्य, परियोजना कार्य, व्यवहारमा परिवर्तन, सिर्जनात्मक कार्य, हाजिरी आदि हुन् । तर अधिकांश विद्यालयमा हाजिरीलाई मात्र बढी प्राथमिकता दिई कक्षा उत्तीर्ण गरेको पाइयो । यसरी माथिका कुरालाई मनन गर्दा शिक्षकको बुझाइमा निरन्तर मूल्याङ्कन प्रणाली सम्बन्धमा **उदार कक्षोन्नति भनेको फेल गराउन नपाउने र निरन्तर मूल्याङ्कन भनेको परीक्षा लिन नपाउने** भन्ने कुरा बुझेको देखियो जुन कुराले निरन्तर मूल्याङ्कन प्रणालीको मर्म नबुझेको भन्ने कुरा दर्शाउँछ ।

### ४.२.१.२ विद्यार्थी सिकाइ उपलब्धि मूल्याङ्कन गर्नका लागि प्रयोग गरिएको मूल्याङ्कनका साधन र प्रयोग गरिने समय

छनौट गरिएका ३ वटा विद्यालयका ९ वटा क्षिकहरूलाई विद्यार्थी सिकाइ उपलब्धि मूल्याङ्कन गर्नका लागि प्रयोग गरिएको मूल्याङ्कनका साधनहरू प्राथमिकताका आधारमा के के होलान् र ती साधन कहिले कहिले प्रयोग गर्नुभएको छ भन्ने प्रश्नमा (अनुसूची ७ प्र.नं. १३) निम्न उत्तरहरू आएको थियो । प्रतिक्रियालाई यसरी तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.४**

**विद्यार्थी मूल्याङ्कनका लागि अपनाइएका साधन, प्रयोग गर्ने शिक्षक प्रतिशत र प्रयोग गरिने समय**

| क्र.सं. | मूल्याङ्कनका साधनहरू | प्रयोग गर्ने शिक्षाको संख्या र प्रतिशत | समय |
|---|---|---|---|
| १ | हाजिरी | ९ (१००) | दैनिक |
| २ | त्रैमासिक, अर्धवार्षिक र बार्षिक परीक्षा लिखित | ८ (८८.८८) | त्रैमासिक |
| ३ | गृहकार्य | ७ (७७.७८) | दैनिक |
| ४ | कक्षाकार्य | ७ (७७.७८) | दैनिक |
| ५ | मौखिक परीक्षा | ६ (६६.६७) | साप्ताहिक |
| ६ | सरसफाई | ५ (५५.५५) | साप्ताहिक |
| ७ | कक्षामा सिकाइएको सिकाइ उपलब्धिको जाँच | ४ (४४.४४) | पाठको अन्त्यमा |
| ८ | अतिरिक्त क्रियाकलाप | २ (२२.२२) | साप्ताहिक |
| ९ | घटना अभिलेख | ३ (३३.३३) | साप्ताहिक |
| १० | अवलोकन | २ (२२.२२) | निरन्तर/दैनिक |

स्रोत : स्थलगत सर्वेक्षण, २०६९ ।

अगाडि प्रस्तुत गरिएको तालिका हेर्दा छनौट गरिएको ३ वटै विद्यालयमा प्राथमिक तहका विद्यार्थीहरूको मूल्याङ्कन गर्ने प्रमुख साधन हाजिरी तथा उपस्थिति देखियो । जसमा १०० प्रतिशत शिक्षकले नै ती साधनलाई प्रमुख प्राथमिकताको रूपमा राखी ७० प्रतिशत विद्यार्थीको हाजिरी दिन भए स्वतः उत्तीर्ण गराउने चलन रहेको पाइयो । त्यसैगरी लिखित परीक्षालाई दोस्रो प्राथमिकतामा राखेको पाइयो जसमा ८८.८८ प्रतिशत शिक्षकले प्रयोग गर्ने बताए ।

माथि प्रस्तुत गरिएको तालिका बमोजिम निरन्तर मूल्याङ्कनका लागि अपनाइएका मूल्याङ्कनका साधनहरूलाई सबैभन्दा बढी प्रयोग गरिएको, मध्यम रूपमा प्रयोग गरिएको र न्यून प्रयोग गरिएको आधारमा देहाय बमोजिम तीन भागमा विभाजन गर्न सकिन्छ ।

१. **सबैभन्दा अधिक रूपमा प्रयोग गरिएको मूल्याङ्कन साधन :** उपस्थिति हाजिरी (१०० प्रतिशत) र आवधिक परीक्षा (८८.८८ प्रतिशत) ।

२. **मध्यम रूपमा प्रयोग गरिएको मूल्याङ्कन साधन :** गृहकार्य, कक्षाकार्य, मौखिक परीक्षा, सरसफाई ।

३. **न्यून रूपमा प्रयोग गरिएको मूल्याङ्कन साधन :** कक्षामा सिकाइएको उपलब्धि जाँच, अतिरिक्त क्रियाकलाप, घटना, अभिलेख र अवलोकन ।

यसरी माथिको तालिकालाई विश्लेषण गर्दा निरन्तर मूल्याङ्कनमा प्रयोग गरिने मुख्य मूल्याङ्कनका पक्षहरूलाई गौण प्राथमिकतामा राखिएको देखिन्छ । जसले गर्दा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको कार्यान्वयन पक्ष प्रभावित भएको देखिन्छ ।

### ४.२.१.३ कार्यसञ्चयिका (पोर्टफोलियो) व्यवस्थापनको अवस्था

कार्यसञ्चयिका (पोर्टफोलियो) व्यवस्थापन कसरी गरिएको छ, कस्ता क्रियाकलापहरूको अभिलेख राखिएको छ भन्ने प्रश्नको उत्तरमा सबै विद्यालयमा कार्यसञ्चयिका निर्माण गरेको छ पाइयो तर यसको प्रयोग कसरी गरिएको छ भन्ने सन्दर्भमा निम्न तालिकाबाट स्पष्ट पार्ने प्रयास गरिएको छ ।

यहाँ निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयन पुस्तिकामा कार्यसञ्चयिका कसरी व्यवस्थापन गर्ने भन्ने कुरामा उल्लेख गरे अनुसार के हुनुपर्ने र विद्यालयमा के छ ? भन्ने कुरालाई समग्रमा यसरी प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.५**

**कार्यसञ्चयिका हुनुपर्ने र विद्यालयमा भएको अवस्था**

| क्र.सं. | कार्य सञ्चयिका हुनुपर्ने | विद्यालयमा भएको अवस्था |
|---|---|---|
| १ | कार्य सञ्चयिका फाइल हिफाजत तथा सुरक्षित तरिकाले राखिनुपर्ने । | सुरक्षित गरेर राखिएको पाइयो । |
| २ | कार्यसञ्चयिका प्रत्येक विद्यार्थीको हुनुपर्ने । | कार्य सञ्चयिका प्रत्येक विद्यार्थीको निर्माण गरेको पाइयो । |
| ३ | उपलब्धि विवरण नियमित रूपमा अद्यावधिक रूपमा राख्नुपर्ने । | अद्यावधिक रूपमा राखिएको पाइएन, परीक्षामा मात्र विवरण चढाएको पाइयो । |
| ४ | उपलब्धि विवरण वर्षको तीनपटक अभिभावकहरूलाई देखाउनुपर्ने । | उपलब्धि विवरण वर्षको अन्तिममा मात्र देखाइएको पाइयो । अधिकांश अभिभावक जानकारी गराउँदा पनि विद्यालय नआउने गरेको पाइयो । |
| ५ | निरन्तर अभिभावकहरूलाई मौखिक रूपमा जानकारी गराउनुपर्ने । | अधिकांश निरक्षर अभिभावक विद्यालयमा नै नआएको पाइयो । |
| ६ | कक्षोन्नति निरन्तर मूल्याङ्कनका आधारमा गर्नुपर्ने । | निरन्तर मूल्याङ्कनमा समेट्नुपर्नेमध्ये हाजिरी, कक्षाकार्य, परीक्षा जस्ता कुरालाई प्राथमिकता मानेर परीक्षा परीक्षा मात्र रेजा/लगाई मूल्याङ्कन गरेको बढी पाइयो । मर्म अनुसार गरिएन । |
| ७ | विद्यार्थीको सम्पूर्ण मूल्याङ्कन फाराम वर्षवर्षमा गरी छुट्याइराख्नुपर्ने । | राखिएको पाइएन । |
| ८ | पाठयक्रमले निर्दिष्ट गरेका सिकाई उपलब्धिहरू पूरा भए नभएको अभिलेख राखिनुपर्ने । | कितावको अभ्यासमा भएका प्रश्नको मात्र मूल्याङ्कन गरेको पाइयो । |

### ४.२.१.४ निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली लागू गर्दा विद्यार्थीहरूको सही मूल्याङ्कन हुन नसकेको अवस्था र त्यसका कारणहरू

प्राथमिक तहमा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली लागू गर्दा विद्यार्थीहरूको सही मूल्याङ्कन हुन सकेको छ वा छैन ? यदि छ भने त्यसका कारणहरू के के पाउनु भएको छ भन्ने प्रश्नमा शिक्षकहरूले व्यक्त गरेका उत्तरहरूलाई देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

निरन्तर विद्यार्थी मूल्याङ्कन लागू गर्दा विद्यार्थीको सही मूल्याङ्कन गर्न नसक्नुका कारणहरूलाई समग्रमा यसरी प्रस्तुत गरिएको छ ।

१. दैनिक रूपमा विद्यार्थीहरू उपस्थिति नहुँदा बालकको निरन्तर व्यवहार परिवर्तनको मूल्यांकन गर्न कठिन ।
२. निरन्तर मूल्याङ्कनको प्रयोगको तरिकाबारे अधिकांश शिक्षकमा ज्ञान/सीपको अभाव हुनु ।
३. गृहकार्य नियमित रूपमा विद्यार्थीले नगर्नु ।
४. विद्यार्थी संख्या बढी हुनु ।
५. अधिकांश अभिभावकहरू कृषक पेशमा निर्भर भएकोले आफ्ना बालबालिका ध्यान दिन नसक्नु ।
६. अभिभावकको सामुदायिक विद्यालयप्रतिको मोह घट्नु ।

### ४.२.१.५ विद्यार्थीहरूको वर्तमान कक्षा छाड्ने कक्षा दोहोऱ्याउने सूचकहरूमा प्रभाव पार्ने तत्वहरू

विद्यार्थीहरूको वर्तमान कक्षा छाड्ने र कक्षा दोहोऱ्याउने सूचाङ्कहरूमा प्रभाव पार्ने तत्वहरू के के होलान् भन्ने प्रश्नमा समग्रमा देहाय बमोजिम उत्तर आएको थियो ।

१. घरको आर्थिक अवस्था कमजोर हुनु ।
२. बसाईसराई
३. अवैज्ञानिक परीक्षा प्रणाली
४. अभिभावकमा चेतनाको कमी
५. वालमैत्री वातावरणको कमी
६. मनोवैज्ञानिक शिक्षण प्रक्रिया नहुनु

### ४.२.१.६ निरन्तर विद्यार्थी मूल्याङ्कन सम्बन्धी शिक्षकहरूले सीप तथा तालिमका स्रोतहरू

**तालिका नं. ४.६**

**निरन्तर विद्यार्थी मूल्याङ्कन सम्बन्धी शिक्षकहरूले सिकेका सीप तथा तालिमका स्रोतहरू**

| क्र.सं. | निरन्तर मूल्याङ्कन सम्बन्धी सीप/तालिम | शिक्षक संख्या र प्रतिशत |
|---|---|---|
| १ | बि.एड्. तालिम | १ (११%) |
| २ | आइ.एड. सेवाकालीन तालिम | १ (११%) |
| ३ | दश महिने सेवाकालीन तालिम | ३ (३३%) |
| ४ | प्र.अ. गोष्ठी | १ (११%) |
| ५ | नसिकेको | ३ (३३%) |

स्रोत : स्थलगत भ्रमण, २०६९ ।

शैक्षिक योग्यतालाई हेर्ने हो भने अधिकांश शिक्षकहरूले निरन्तर मूल्याङ्कन प्रणाली लागू गर्नु भन्दा पहिले नै विभिन्न मूल्याङ्कन प्रणाली सम्बन्धी ज्ञान प्राप्त गरिसकेको देखिन्छ भने करिब ३३ प्रतिशत शिक्षकले कुनै पनि तालिम नलिएको पाइयो ।

निरन्तर विद्यार्थी मूल्याङ्कन करिब ६/७ वर्ष अगाड देखि विद्यालय सुरु भएको पाइन्छ । तर सैद्धान्तिक सामान्य ज्ञान प्राप्त गरे पनि व्यवहारिक ज्ञानको कमी होकि भन्ने कुरा कार्यसञ्चयिका अभिलेख व्यवस्थापन अवलोकन गर्दा देखिन्छ । विद्यालयमा कुनै एक जना शिक्षकलाई प्रतिनिधिको रूपमै कहिलेकाहिँ शिक्षण रूपमा तालिम दिएको भन्ने कुरा उनीहरूका प्रतिक्रियाबाट जानकारी हुन्छ । त्यसकारण शिक्षकलाई यसप्रति ज्ञान तथा सीप पूर्ण रूपमा बृद्धि गर्न नसकेको देखिन्छ । अर्कोतर्फ शिक्षाको बढी उमेरले गर्दा पनि शिक्ँण प्रक्रियामा कम सक्रिय भएको देखिन्छ । जसले गर्दा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली प्राथमिक तहमा प्रभावित भएको देखियो ।

### ४.२.१.७ प्राथमिक तहमा निरन्तर मूल्याङ्कन प्रणाली गर्दा गणित, विज्ञान र अंग्रेजी विषयमा विद्यार्थीहरूको सिकाइ उपलब्धि घट्नुका कारणहरू

यस अध्ययन कार्य गर्दा नमूना छनौट गर्ने क्रममा कक्षा ३ मा गणित, विज्ञान र अंग्रेजी शिक्षण गर्ने शिक्षकलाई छनौट गरिएको थियो । खासगरी ती विषय शिक्षण गर्ने शिक्षकलाई नै छनौट गर्नुको गौण उद्देश्य भनेको वर्तमान अवस्थामा ती विषयहरूमा प्राथमिक तहदेखि माध्यमिक तहसम्म नै विद्यार्थी कमजोरी हुने भएकोले ती शिक्षकलाई छनौट गर्दा केही ती विषयमा कमजोरी हुने कारणहरू पत्ता लाग्छ कि भन्ने दृष्टिकोणले (अनुसूची ७ प्र. नं. ३ मा) यस सम्बन्धी प्रश्न राखिएको थियो । यस प्रश्नमा खासगरी यी विषयमा विद्यार्थीहरूको सिकाइ उपलब्धि निरन्तर मूल्याङ्कन प्रणाली लागू भएदेखि खस्किँदै

गएको छ हो ? भन्ने प्रश्न सोधिएको थियो । यस प्रश्नको उत्तरबाट निम्न जानकारीहरू प्राप्त भएको थियो ।

सिकाइ उपलब्धि स्तर घट्नुका कारणहरू देहाय बमोजिम प्रस्तुत गरिएको छ :

- विद्यार्थीहरूको घरमा अध्ययन र अभ्यास गर्ने बानीको विकास नहुनु ।
- परम्परागत शैली (चक एण्ड टक) मा नै पढाइ हुनु ।
- अभिभावको बालकप्रति शिक्षामा लगानी कम हुनाले अभिभावकले शैक्षिक वातावरण बनाउन ध्यान नदिनाले ।
- प्रा.वि तहमा अध्यापन गर्न अधिकांश शिक्षकको उमेर ढल्किनु शिक्षकले पढेको पढाइ भन्दा अहिलेको पाठ्यक्रम धेरै फरक नयाँ नयाँ कुरा समावेश हुनु ।
- यस तहमा विज्ञानको सन्दर्भमा, शिक्षण गर्ने शिक्षक नै विज्ञान विषयको आधारभूत ज्ञान नहुनु वा शैक्षिक योग्यता नहुनु ।
- अंग्रेजी विषयमा CAS को प्रयोग गर्न नै नजान्नु ।
- विद्यार्थी संख्या बढी हुनु ।

यसरी माथिका जानकारीहरूलाई समग्र रूपमा विश्लेषण गर्दा प्रायः सामुदायिक विद्यालयमा गणित, विज्ञान र अंग्रेजी विषयमा माथिका विभिन्न कारणले गर्दा सिकाइ उपलब्धि स्तर खस्केको देखिन्छ । निरन्तर मूल्याङ्कन लागू गरिसकेपछि बालकलाई अनुत्तीर्ण गराउन हुन्न भन्ने शिक्षकको बुझाइले यी विषयमा अनुत्तीर्ण भए पनि उत्तीर्ण गराउने कारणले सिकाइ उपलब्धिमा असर परेको देखिन्छ । यस्तै कारणले गर्दा माथिको कक्षामा पनि विद्यार्थी ती विषयमा कमजोरी हो कि भन्ने कुरामा सामान्यीकरण गर्न सकिन्छ ।

### ४.३.२ अन्तर्वार्ताबाट प्राप्त सूचनाको व्याख्या एवम् विश्लेषण

यस अध्ययनका लागि छनौट गरिएका ३ वटा विद्यालयका प्रधानाध्यापक र एक जना श्रोतव्यक्तिलाई निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीका कार्यान्वयन सम्बन्धमा आधारित भई असंरचित अन्तर्वार्ता संचालन गरिएको थियो । असंरचित अन्तर्वार्ता क्रमशः अनुसूची ८ र अनुसूची ९ बमोजिम गरिएको थियो ।

यहाँ असंरचित अन्तर्वार्तामा प्राप्त भएका सूचनाहरूलाई क्रमबद्ध रूपमा देहाय बमोजिम व्याख्या एवम् विश्लेषण गरिएको छ ।

### ४.३.२.१ निरन्तर मूल्याङ्कन प्रणालीका सबल र दुर्वल पक्षहरू सम्बन्धी प्रधानाध्यापकहरूका अवधारणा

निरन्तर मूल्याङ्कन प्रणाली अपनाउँदा प्रधानाध्यापकहरूले औल्याएका सबल र दुर्वल पक्षहरूलाई समग्र रूपमा देहाय बमोजिम उल्लेख गरिएको छ ।

**सबल पक्षहरू**

(क) कलिला विद्यार्थीहरूलाई परीक्षाको सन्त्रासबाट मुक्त राख्न यो प्रभावकारी र राम्रो मानिन्छ ।

(ख) निरन्तर मूल्याङ्कनबाट विद्यार्थीहरूका विभिन्न पक्षहरूको मूल्याङ्कन गर्न सकिन्छ ।

(ग) उदार कक्षोन्नति व्यवस्था अपनाउँद्या निरन्तर मूल्याङ्कन प्रणाली अति उपयोगी हुन्छ ।

(घ) कक्षा छाड्ने, दोहोऱ्याउने दर न्यून गर्न निरन्तर मूल्याङ्कन गर्नुपर्ने हुन्छ ।

(ङ) यसले विद्यार्थीका विभिन्न पक्षहरूलाई समेटी मूल्याङ्कन गर्दछ ।

(च) यस पद्धतिबाट प्राथमिक तहको शिक्षण सिकाइ प्रभावकारी बन्न सक्दछ ।

**दुर्वल पक्षहरू**

(क) निरन्तर अभिलेख राख्ने कार्य गाह्रो पक्ष हो ।

(ख) शिक्षकहरू विद्यार्थीका प्रत्येक पक्षहरूको मूल्याङ्कन गर्न कठिनाइ महशुस गर्दछन् ।

(ग) निरन्तर मूल्याङ्कन राम्रो भए पनि यसलाई विधिसङ्गत तरिकाले सम्पन्न गर्न गाह्रो हुन्छ ।

(घ) व्यवहारिक रूपमा प्रयोग गर्न कठिनै परेको छ ।

यसरी माथिका अवधारणाबाट प्रधानाध्यापकहरूले निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीलाई यसको मर्म अनुसार प्रयोग गर्दा अति नै प्रभावकारी मूल्याङ्कन पद्धति हुन सक्दछ भन्ने कुरा व्यक्त गरेको पाइन्छ । प्रधानाध्यापकहरूले यस प्रणालीका दुर्वल पक्ष भन्दा सबल पक्षहरूलाई नै बढी औल्याएको पाइयो ।

### ४.२.२.२ निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयनमा देखिएका समस्याहरू

निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयनमा देखिएका समस्या सम्बन्धी प्रधानाध्यापकहरूले औल्याएको समग्र जानकारीहरूलाई निम्नानुसार बुँदामा उल्लेख गरिएको छ ।

- शिक्षकहरूलाई यस सम्बन्धी तालिम नहुँदा प्रयोग गर्ने सीपको कमी ।
- विद्यालय व्यवस्थापन समिति, शिक्षक र अभिभावकबीच सुमधुर सम्बन्धको समस्या ।
- मेला तथा पर्वमा विद्यार्थीहरू अनुपस्थिति भइदिने समस्या ।
- शिक्षक दरबन्दी कम र विद्यार्थी संख्या बढी भइदिने समस्या ।
- आवश्यक शैक्षिक सामग्रीको अभाव ।

- समयमै पाठ्यपुस्तक नपाइने समस्या ।
- माथिल्लो निकायबाट अनुगमन नगर्ने समस्या ।
- माथिल्लो निकायबाट अनिवार्यता तथा प्रभावकारी तरिकाले संचालन गर्ने निर्देशन नदिनु ।

### ४.२.२.३ निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयन सम्बन्धमा स्रोत व्यक्तिबाट आएको सूचना तथा जानकारीको व्याख्या एवम् विश्लेषण

नमूना छनौटभित्र परेको स्रोत केन्द्रका स्रोतव्यक्तिसँग लिएको असंरचित अन्तर्वार्ताबाट (अनुसूची ९ बमोजिम) प्राप्त भएका सूचना तथा जानकारीलाई देहायबमोजिम बुँदागत रूपमा उल्लेख गरिएको छ ।

- विद्यालयमा गरिने मूल्याङ्कन निरन्तर हुनुपर्नेमा शैक्षिक सत्रको अन्त्यमा मात्र मूल्याङ्कन गरेको पाइन्छ ।
- निरन्तर मूल्याङ्कन व्यवहारिक भन्दा पनि सैद्धान्तिक कुरामा जोड दिएर औपचारिकता मात्र पूरा गर्न गरिएको देखिन्छ ।
- माथिल्लो निकायबाट पूर्ण रूपमा अनुगमन गर्न नसक्दा कार्यान्वयन पक्षमा समस्या देखापरेको देखिन्छ ।
- निरन्तर मूल्याङ्कन प्रणालीको मर्म अनुसार काम नभएको अधिकांश विद्यालयमा देखिन्छ ।
- कुनै विद्यालयमा शिक्षक दरबन्दी कम र विद्यार्थी संख्या कम भएकोले कार्यान्वनय गर्न समस्या देखापरेको छ ।
- प्राथमिक तहमा अधिकांश शिक्षकहरूको उमेर ढल्किसकेको कारणले गर्दा त्यति जाँगरले काम गरेको देखिँदैन ।

## ४.३ निरन्तर विद्यार्थी मूल्याङ्कनबाट प्राप्त नतिजा र उपलब्धि परीक्षण प्रशासन गर्दा प्राप्त नतिजा अध्ययनको विश्लेषण

नमुना छनोट भित्र परेका विद्यालयका कक्षा तीन उत्तीर्ण गरि कक्षा ४ मा अध्ययन गरिरहेका प्रत्येक विद्यालयका ५/५ जना गरी जम्मा १५ जना विद्यार्थीहरूलाई गणित विषयको उपलब्धी परीक्षण सञ्चालन गरिएको थियो । खासगरी कक्षा १-३ सम्म पूर्ण रूपमा निरन्तर मूल्याङ्कन प्रणालीबाट तह उर्त्तिण गर्ने गरेको कारणले निरन्तर मुल्याङ्कनले प्रणालीले विद्यार्थीको ज्ञानात्मक सिकाई उपलब्धिमा प्रभाव पारेको छ कि छैन भन्ने कुराको जानकारी गर्न उपलब्धि परक्षिण सञ्चालन गरिएको थियो । उपलब्धि परीक्षण अनूसूची ५ बमोजिम लिएको थियो ।

यस अध्ययनको लागि परिकल्प्ना परीक्षण गर्न निम्नानुसारको परिकल्पना निर्माण गरिएको थियो:

$H_0$: निरन्तर मूल्यांकनको औषत प्राप्ताङ्क र उपलब्धि परीक्षणको औषत प्राप्ताङ्कमा सार्थक अन्तर (Significant difference) हुन्छ ।

$H_1$: निरन्तर मूल्यांकनको औषत प्राप्ताङ्क र उपलब्धि परीक्षणको औषत प्राप्ताङ्कमा सार्थक अन्तर (Significant difference) हुँदैन ।

**तालिका नं. ४.७**

**निरन्तर विद्यार्थी मूल्याङ्कन र उपलब्धि परीक्षणको तुलना**

| परीक्षणको प्रकार | विद्यार्थी संख्या | औषत प्राप्ताङ्क | प्रमाणिक विचलन | औषत अन्तर | t-calculated | t-tabulated |
|---|---|---|---|---|---|---|
| निरन्तर मूल्याङ्कन | १५ | ७३.१३ | १२.४६ | १६.४७ | ३.९२९ | २.०४८ |
| उपलब्धि परीक्षण | १५ | ५६.६६ | १०.२७ | | | |

t-tabulated value at 0.05 LoS 28 DF = 2.048.

तालिका नं. ७ मा निरन्तर विद्यार्थी मूल्याङ्कन र उपलब्धि परीक्षणबाट प्राप्ताङ्कको औषत, प्रमाणिक विचलन, औषत अन्तर तथा t-value प्रस्तुत गरिएको छ । जसमा निरन्तर मूल्याङ्कनको औषत र प्रमाणिक विचलन क्रमशः ७३.१३, १२.४७ तथा उपलब्धि परीक्षणबाट प्राप्त प्राप्ताङ्कको औषत र प्रमाणिक विचलन क्रमशः ५६.६६, १०.२७ रहेको छ । यसबाट उपलब्धि परीक्षणको तुलनामा निरन्तर मूल्याङ्कनबाट प्राप्त प्राप्ताङ्कको औषत अंक (उपलब्धि परीक्षण) धेरै रहेको पाइयो । जहाँ उपलब्धि परीक्षणमा प्राप्त प्राप्ताङ्कको तुलनामा निरन्तर विद्यार्थी मूल्याङ्कन औषत उपलब्धि १६.४७ ले बढी रहेको छ ।

परिकल्पना परीक्षणको लागि t-test को गणना गरिएको थियो जहाँ t को calculated value ३.९२९ रहेको पाइयो । two-tailed test df 't' को calculated value 5% level of significance तथा 28 degree of freedom मा २.०४८ भन्दा बढी भएकोले सून्य परिकल्पना स्वीकार गरिएको थियो । अर्थात् निरन्तर मूल्यांनकको औषत प्राप्ताङ्क र उपलब्धि परीक्षणको औषत प्राप्ताङ्कमा सार्थक अन्तर (Significant difference) हुन्छ भन्ने परिकल्पनालाई स्वीकार गरिएको थियो भने वैकल्पिक परिकल्पना अस्वीकृत गरिएको थियो (t-गणना अनुसूची ११) ।

यसरी t-test को गणनाबट के स्पष्ट हुन्छ भने निरन्तर मूल्याङ्कन प्रणालीबाट प्राप्त औषत प्राप्ताङ्क भन्दा उपलब्धि परीक्षणमा औषत प्राप्ताङ्क कम रहेको छ । अर्थात् औषत प्राप्ताङ्कमा भिन्नता रहेको छ । तर यसरी औषत प्राप्ताङ्कमा भिन्नता आउँदैमा निरन्तर मूल्यांकन प्रंणालीको कार्यान्वयन अवस्था राम्रो भन्न मिल्ने अवस्था देखिँदैन । किनभने शिक्षकले जुन पक्षलाई महत्वपूर्ण मानेर मूल्याङ्कन गर्नुपर्ने हो त्यसलाई गौण मूल्यांकन पक्ष मान्ने कारण, हचुवाको भरमा नम्बर दिने चलन, विद्यार्थीलाई फेल गराउन हुन्न भन्ने मान्यताले निरन्तर मूल्यांकन गर्दा बढी प्राप्ताङ्क आएको कुरा माथिका विश्लेषणबाट जानकारी पाउन सकिन्छ ।

# परिच्छेद पाँच

## प्राप्ति, निष्कर्ष र सुझावहरू

### ५.१ प्राप्तिहरू

विद्यार्थीलाई पाठ्यक्रम वा शैक्षिक कार्यक्रमको महत्वपूर्ण लगानिको रूपमा लिइन्छ । विद्यार्थीले समयमै आवश्यक ज्ञान, सीप र धारणा के कति प्रभावकारी ढङ्गले सिकेका छन् ? शिक्षण विधिको प्रभावकारीता कस्तो छ ? विद्यार्थीहरूलाई कुन कुन पक्षमा पृष्ठपोषण दिन आवश्यक छ ? भन्ने जस्ता पक्षहरू विद्यार्थी मूल्याङ्कनसँग सम्बन्धित पक्षहरू हुन् । प्रभावकारी शैक्षिक कार्यक्रम कार्यान्वयन र सकारात्मक उत्पादन प्राप्तिका लागि स्तरीय मुल्याङ्कन प्रणाली हुनु अपरिहार्य हुन्छ । तसर्थ प्रभावकारी शिक्षण सिकाईका लागि सक्षम तरिकाबाट विद्यार्थीहरूका उचित मूल्याङ्कन गरिनु आवश्यक छ । निरन्तर विद्यार्थी मूल्याङ्कन, प्रणालीबाट विद्यार्थीका समग्र शैक्षिक क्रियाकलापहरू र उपलब्धिहरूको मुल्याङ्कन गरिने परिपाटीले विद्यार्थीको शिक्षण सिकाई प्रक्रिया तथा शैक्षिक विकासमा सकारात्मक प्रभाव पार्ने कुरा निर्विवाद देखिन्छ । तर वर्तमान प्राथमिक विद्यालय तहमा यसको कार्यान्वयन माथि केही प्रश्न उठेको देखिन्छ ।

यसरी प्राथमिक तहमा लागू भएको निरन्तर विद्यार्थी मूल्यांकन प्रणालीको कार्यान्वनयको अवस्था के कस्तो रहेको छ भन्ने उद्देश्य पूरा गर्नका लागि यस अध्ययनमा गरिएका विभिन्न क्रियाकलापहरूवाट आएका सूचना तथा जानकारीहरूलाई व्याख्या तथा विश्लेषण गर्दा आएका प्राप्तिहरूलाई निम्न बुँदाका रूपमा प्रस्तुत गरिएको छ ।

- निरन्तर मूल्याङ्कन प्रणालीप्रति अधिकांश शिक्षकको धारणा सकारात्मक पाइयो ।
- शिक्षकहरूले तालिमको अपेक्षा गरेको पाइयो धेरै जसो शिक्षक यसप्रतिको ज्ञानमा अनिभिज्ञ हुनकी भन्ने कुरा प्राप्त भयो ।
- निरन्तर मूल्याङ्कन प्रणालीमा हाजिरीलाई प्रथम प्राथमिकतामा राखेर विद्यार्थी मूल्याङ्कन गरेको पाइयो ।
- त्रैमासिक, अर्धवार्षिक, वार्षिक (लिखित परीक्षा) लाई दोस्रो प्राथमिकमा राखेको पाइयो ।
- पोर्टफोलियोको व्यवस्थापन पूर्ण रूपमा गरिएको पाइएन ।
- निरन्तर मूल्याङ्कन प्रणालीमा मूल्याङ्कन गर्न अपनाइने केही पक्षहरू गौण मूल्याङ्कन अन्तर्गत राखेको पाइयो ।
- लिखित र आवधिक परीक्षासँगै निरन्तर मूल्याङ्कन पनि गर्न सकियो भने त्यो प्रभावकारी हुने धारणा अधिकांश शिक्षकबाट प्राप्त भयो ।

- विद्यार्थी संख्या बढी हुनु नै निरन्तर मूल्याङ्कनमा प्रभाव पार्ने प्रमुख तत्व हो भन्ने कुरा अधिकांश शिक्षकहरू पूर्ण सहमत भएको पाइयो ।
- मूल्याङ्कनको साधनमा कक्षामा सिकाइएको सिकाइ उपलब्धी जाँचमा ४४.४४%, अतिरिक्त क्रियाकलाप २२.२२ %, घटना अभिलेख ३३.३३% र अवलोकन २२.२२% शिक्षकले प्रयोग गरेको पाइयो ।
- प्रायः सवैजसो प्राध्यापकहरूले निरन्तर विद्यार्थी मूल्याङ्कनका दुर्बल पक्षहरूभन्दा सबल पक्षहरूलाई बढी औंल्याएको पाइयो ।
- निरन्तर विद्यार्थी मूल्याङ्कन सम्बन्धमा प्रायः अधिकांश अभिभावक अनभिज्ञ रहेको पाइयो ।
- निरन्तर विद्यार्थी मूल्याङ्कनलाई प्रभावकारी बनाउन विद्यालयको भौतिक अवस्था पनि सक्षम हुनुपर्ने कुरा देखिन्छ ।
- शिक्षकहरूलाई दिइने सेवा तथा सुविधाका शर्तहरूप्रति शिक्षकहरू सन्तुष्ट रहेको पाइयो । शर्त सुविधाले यस CAS कार्यान्वयनमा बाधक नभएको पाइयो ।
- निरन्तर मूल्याङ्कन कार्यान्वयनको प्रमुख समस्यामामा विद्यार्थी संख्या अधिक हुनु र विद्यार्थी अनुपस्थिति दर उच्च रहनु रहेको पाइयो ।
- प्रभावकारी तरिकाले CAS लाई कार्यान्वयन गर्न नसक्दा अंग्रेजी, विज्ञान र गणित जस्ता विषयको औषत प्राप्तङ्क घटेको पाइयो ।

## ५.२ निष्कर्षहरू

निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली व्यवस्थाको प्रभावकारी कार्यान्वयनले विद्यार्थीको समग्र सिकाइ उपलब्धिमा सकारात्मक प्रभाव पार्ने कुरालाई नकार्न सकिँदैन । निरन्तर मूल्याङ्कन प्रणालीद्धारा विद्यमान मूल्याङ्कन प्रणालीमा कमी कमजोरीहरूलाई विस्थापित गरी कार्यान्वयनमा देखिएका समस्याहरूलाइृ केही हदसम्म हटाउन सकियो भने विद्यार्थीका सम्पूर्ण उपलब्धिहरूको समयमै मूल्याङ्कन गरी सुधारका उचित उपायहरू अवलम्बन गर्न सकिन्छ ।

वास्तवमा निरन्तर मूल्याङ्कन प्रणालीको प्रभावकारी कार्यान्वयनका लागि शिक्षकहरूको प्रयास मात्रै प्रयाप्त हुँदैन । यसलाई प्रभावकारी बनाउन, शिक्षकका साथै अभिभावक, विद्यार्थी प्रधानाध्यापक, शैक्षिक निकायहरू सबैको भूमिका हुन्छ । वर्तमान परिप्रेक्ष्यमा शिक्षक र प्रधानाध्यापक मात्र यसको कार्यान्वयनको भार परेको देखिन्छ । यस अध्ययनमा यस क्षेत्रका विद्यालयहरूको प्राथमिक तहमा निरन्तर मूल्याङ्कन प्रणाली व्यवस्थाको कार्यान्वयन स्थितिलाई यथार्थ रूपमा बुझ्ने कार्य भएको थियो । सम्बन्धित विद्यालयमा गरिएको स्थलगत भ्रमण, विभिन्न महानुभावहरूसँगको भेटघाटमा गरिएको अन्तर्वार्ताको क्रममा सूचना संकलनका हरेक साधनबाट प्राप्त भएको नतिजाको आधारमा निरन्तर मूल्याङ्कन प्रणाली

यसको मर्म अनुसार प्रयोग गर्न नसकिएको र यसलाई कार्यान्वयन गर्न यी सबै पक्षले सक्दो सहयोग गर्नुपर्ने आवश्यकता रहेको अपेक्षा राखेको पाइयो ।

निरन्तर विद्यार्थी मूल्याङ्कनको कार्यान्वयनमा प्रभाव पार्ने प्रमुख तत्वको रूपमा विद्यार्थी अनुपस्थिति हुनु हो । त्यसैगरी अन्य शिक्षक दरबन्दी कम हुनु, विद्यार्थी संख्या बढी हुनु, बेलाबेलामा शिक्षकलाई यस सम्बन्धी तालिम नहुनु, शिक्षकका बुढौलीपनले जोश र जाँगर कम हुनु, माथिल्लो निकायबाट अनुगमन नहुनु, अभिभावक अशिक्षित हुनु जस्ता पक्षलाई यस अध्ययनले उजागर गरेको छ । विद्यार्थी अनुपस्थिति दरलाई निरुत्साहित गर्नु एउटा जटिल समस्याको रूपमा आएको कारणले यसलाई निराकरण गर्न शिक्षा मन्त्रालय र जिल्ला शिक्षा कार्यालयले अविलम्ब आवश्यक कदम चाल्नु आवश्यक हुन्छ । जुन कदमले यस्ता समस्या हटून् जसले गर्दा विद्यार्थीहरू विद्यालयमा रमाउन सकून् ।

पोर्टफोलियो व्यवस्थापन विद्यार्थी मूल्याङ्कनको एउटा भरपर्दो साधन भएकोले यसलाई वैज्ञानि र व्यवस्थित तरिकाले व्यवस्थपन गर्नुपर्ने देखिन्छ । निरन्तर मूल्याङ्कन गर्दा विद्यार्थीबाट भएका सबै सिकाइ उपलब्धि र निर्देशिकामा उल्लेख गरिएका कुरालाई नसमेटि अभिलेख राखेको कारणले यसलाई निरन्तर मूल्याङ्कन प्रणाली कार्यान्वनय निर्देशिका पुस्तिका अनुसार राख्नुपर्ने देखिन्छ । यस अध्ययनमा पोर्टफोलियो व्यवस्थापन र प्रयोग सम्बन्धी अधिकांश शिक्षकमा ज्ञानको कमी पनि भएको पाइयो तर यस सम्बन्धमा माथिल्लो निकायले कुनै चासो नदिएको पाइयो ।

निष्कर्षमा भन्नुपर्दा अध्यनको लागि छनौट गरिएका तीनवटै विद्यालयमा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली पूर्ण रूपमा, यस मूल्याङ्कन प्रणालीको मर्म अनुसार कार्यान्वयन नभए पनि लागू भने गरेको पाइयो । यसै पद्धतिबाट विद्यार्थीलाई तह/कक्षा निर्धारण गरेको पाइयो । खासगरी यस **मूल्याङ्कन प्रणालीमा उदार कक्षोन्नति भनेको फेल गराउन नपाउने र निरन्तर मूल्याङ्कन भनेको परीक्षा लिन नपाउने** भन्ने शिक्षकको धारणाले यसको कार्यान्वयन पक्षमा चुनौती थपेको देखिन्छ ।

### ५.३ सुझावहरू

समष्टिगत अध्ययनबाट प्राप्त सूचनाहरू र निरन्तर मूल्याङ्कन प्रणाली कार्यान्वयनमा देखिएको वस्तुस्थितिलाई ध्यानमा राखी सम्बन्धित निकायलाई देहायबमोजिमका सुझावहरू दिइन्छ :

- निरन्तर विद्यार्थी मूल्याङ्कन सम्बन्धी स्रोतकेन्द्र तथा जिल्ला शिक्षा कार्यालयले बेलाबेला सबै शिक्षक पर्ने गरी तालिम दिलाउनुपर्ने,
- विद्यालयमा विद्यार्थी संख्याको अनुपातमा शिक्षक दरबन्दी उपलब्ध गराउनुपर्ने ।
- विद्यालयमा प्रयाप्त शैक्षिक सामग्रीहरू उपलब्ध गराउनेतर्फ सम्बन्धित निकायले ध्यान दिने,
- विद्यालयमा निरन्तर रूपमा माथिल्लो निकायबाट अनुगमन निरीक्षण गरिनुपर्ने ।

- निरन्तर मूल्याङ्कन प्रणालीको प्रभावकारी कार्यान्वयनका लागि शिक्षक, अभिभावक, व्यवस्थापन समितिका पदाधिकारी र प्रधानाध्यापकबीच सहकार्य गरिनुपर्ने ।
- विद्यार्थी अनुपस्थितिका कारणहरू पहिल्याई विद्यार्थी अनुपस्थितिलाई निरुत्साहित गर्ने र त्यसको बारेमा अभिभावकलाई जानकारी प्रदान गर्ने ।
- एक वर्षमा औषत बढी दिन उपस्थिति हुने विद्यार्थीलाई परस्कारको व्यवस्था गरिनुपर्ने ।
- सबैभन्दा बढी अनुशासित विद्यार्थीलाई पुरस्कृत गर्ने ।
- नियमित गृहकार्य जाँच, कक्षाकार्यको रेकर्ड अतिरिक्त क्रियाकलापमा सहभागिता, उपस्थिति जस्ता पक्षहरूको मूल्याङ्कन र अभिलेखीकरण कार्यमा प्रधानाध्यापकले विशेष निगरानी राख्नुपर्ने ।
- प्राथमिक तहमा अधिकांश शिक्षकहरूको उमेर ४५-५० वर्ष भन्दा माथि रहेको कारणले, ती शिक्षकमा उमेरले गर्दा जोस र जाँगर कम देखिएकोले त्यस्ता शिक्षकलाई उत्प्रेरणा दिलाउने कार्यक्रमहरू शिक्षा विभाग तथा मन्त्रालयले ल्याउनुपर्ने ।

## सन्दर्भसूची


अधिकारी, विष्णुप्रसाद र पौडेल आनन्द (२०६६), *शिक्षा शास्त्र र नेपालमा शिक्षा,* बागबजार, काठमाडौँ : आशिष बुक्स हाउस प्रा.लि. ।

आचार्य राजेन्द्रकुमार (२०६७), *शैक्षिक मूल्याङ्कन,* काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

खनाल, पेशल (२०६७), *शैक्षिक अनुसन्धन पद्दति,* कीर्तिपुर, काठमाडौँ : सनलाइट पब्लिकेशन ।

खनाल, श्रीप्रसाद (२०६६), *कार्यक्रम मूल्याङ्कन,* काठमाडौँ : जुपिटर पब्लिसर्स एण्ड डिष्ट्रिव्यूटर्स ।

जवरा, प्रा. स्वय प्रकाश, श्रेष्ठ, चन्द्रबहादुर, रञ्जितकार, किरणराम (२०६७), *शिक्षामा मापन तथा मूल्याङ्कन,* भोटाहिटी, काडमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

पाठ्यक्रम विकास केन्द्र (२०६८), *निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वियन पुस्तिका,* नेपाल सरकार शिक्षा मन्त्रालय, सानो ठिमी, भक्तपुर ।

टुकी संघ सुनकोसी (२०६८), *निरन्तर मूल्याङ्कन प्रणाली विशेष बुलेटिन-२०६८,* सिन्धुपाल्चोक ।

न्योपाने विनोद(२०६७), *माध्यमिक शिक्षक दर्पण,* पुतलीसडक, काडमाडौँः बौद्धिक प्रकाशन ।

पाठ्क्रम विकास केन्द्र (२०६५), *प्राथमिक शिक्षा पाठ्यक्रम-२०६५,* सानोठिमी भक्तपुर

पाठ्यक्रम विकास केन्द (२०६३), *राष्ट्रिय पाठ्यक्रम प्रारुप-२०६३,* शिक्षा तथा खेलकुद मन्त्रालय, सानो ठीमी भक्तपुर ।

भट्ट, टेकेन्द्रप्रसाद (२०६८), *पाठ्यक्रम मूल्याङ्कन तथा अनुसन्धान,* भोटाहिटी, काठमाडौँ : हेरिटेज पब्लिसर्स एण्ड डिट्रिव्यूटर्स प्रा.लि.

भट्ट, टेकेन्द्रप्रसाद (२०६५), *प्राथमिक तहमा निरन्तर मूल्याङ्कन प्रणाली र उदार कक्षोन्नति व्यवस्थाको कार्यान्वियन स्थिति,* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), त्रि.वि., काठमाडौँ ।

शर्मा एण्ड शर्मा (२०६६), *शिक्षाका आधारहरू,* भोटाहिटी, काठमाडौँ : एम.के. पब्लिसर्स एण्ड डिष्ट्रिव्यूटर्स ।

शर्मा, डण्डपाणी र शर्मा, दिवाकर, (२०६७), *शिक्षक सेवा दिग्दर्शन (प्रा.वि.),* काठमाडौँः प्रज्ञान प्रकाशन ।

शिक्षा मन्त्रालय ( २०४९), *शिक्षा आयोगको प्रतिवेदन,* काठमाडौँ : शिक्षा मन्त्रालय ।

शिक्षा मन्त्रालय (२०६६), *विद्यालय क्षेत्र सुधार योजना (SSRP) (२०६६–२०७२),* केशरमहल, काठमाडौँ ।

शिक्षा मन्त्रालय, *उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०५५,* केशरमहर काठमाडौँ ।

शिक्षा सेवा आयोग (२०२८-३२), *शिक्षा ऐन २०२८* (संशोधन २०६५, माघ २८) ।

Koul, L (2002). *Methodology of Education Research* (3rd ed.) New Delhi: Vikash Publication House

Popham, W James (1975), *Education Evaluation*, Englewood Clifs, New Jersey: PrenticeHall

Ranjitkar, Kiranram (2010), *Curriculum Therory*, Kirtipur, Kathmandu: Quest Publication

Salyor, J. Galen and Alexander, William M (1973). *Planning Curriculum for School*. New York: helt Rinehart and Winston, Inc.

Schrio, Michael Stephen (2000). *Curriculum Theory Conflicting Visian of Enduring Concerns*, California: SAGE Publication.

Worthen, B.R., and Sanders, J.R. (1987). *Educational Evaluation: Alternative Approaches and Practical Guidelines,* New York: Longman.

**अनुसूचीहरू**

**अनुसूची १**

**अध्ययनका लागि छनौट गरिएका विद्यालयहरू**

| क.सं. | विद्यालयको नाम | ठेगाना |
|---|---|---|
| १ | श्री जाल्पादेवी उ.मा.वि. | भोटेचौर ८, जैसिगाउँ, सिन्धुपाल्चोक |
| २ | श्री निवुगाउँ नि.मा.वि. | भोटेचौर ५, निवुगाउँ, सिन्धुपाल्चोक |
| ३ | श्री मनकामना प्रा.वि. | भोटेचौर ७, सिमचौर, सिन्धुपाल्चोक |

**अनुसूची २**

**असंरचित अन्तर्वार्तामा सहभागी प्रधानाध्यापक र श्रोतव्यक्तिको नामावली**

| क.सं. | प्रधानाध्यापक श्रोतव्यक्तिको नाम | विद्यालयको नाम |
|---|---|---|
| १ | श्री उद्धवप्रसाद चौलागाई (श्रोतव्यक्ति) | श्री जाल्पादेवी उ.मा.वि., श्रोतकेन्द्र |
| २ | श्री लक्ष्मण श्रेष्ठ (प्र.अ.) | श्री जाल्पादेवी उ.मा.वि., भोटेचौर |
| ३ | श्री गणेशप्रसाद सापकोटा (प्र.अ.) | श्री निवुगाउँ नि.मा.वि. |
| ४ | श्री बलराम चौलागाईं (प्र.अ.) | श्री मनकामना प्रा.वि. |

**अनुसूची ३**

**अभिमत तथा खुल्ला प्रश्नावलीमा सहभागी शिक्षकको नामावली**

| क.सं. | शिक्षकको नाम | अध्यापन गर्ने विषय | अध्यापन गर्ने विद्यालय |
|---|---|---|---|
| १ | श्री ध्रुवबहादुर चौलागाईं | गणित | श्री जाल्पादेवी उ.मा.वि. |
| २ | श्री रामप्रसाद खतिवडा | विज्ञान | श्री जाल्पादेवी उ.मा.वि. |
| ३ | श्री नगेन्द्रप्रसाद खतिवडा | अंग्रेजी | श्री जाल्पादेवी उ.मा.वि. |
| ४ | श्री वासुदेव खतिवडा | कक्षा शिक्षक | श्री जाल्पादेवी उ.मा.वि. |
| ५ | श्री गणेशप्रसाद सापकोटा | अंग्रेजी | श्री निवुगाउँ नि.मा.वि. |
| ६ | श्री केदारप्रसाद सापकोटा | गणित | श्री निवुगाउँ नि.मा.वि. |
| ७ | श्री अनन्त प्रसाद सापकोटा | कक्षा शिक्षक | श्री निवुगाउँ नि.मा.वि. |
| ८ | श्रीमाया तामाङ | विज्ञान | श्री निवुगाउँ नि.मा.वि. |
| ९ | श्री बलराम चौलागाईं | अंग्रेजी | श्री मनकामना प्रा.वि. |
| १० | कुल प्रसाद चौलागाईं | गणित | श्री मनकामना प्रा.वि. |
| ११ | पदम खतिवडा | विज्ञान | श्री मनकामना प्रा.वि. |
| १२ | कमल प्रसाद खतिवडा | कक्षाशिक्षक | श्री मनकामना प्रा.वि. |

## अनुसूची ४

### स्तरीकृत उपलब्धि परक्षिणमा सहभागी विद्यार्थी र प्राप्त गरेको प्राप्ताङ्क

स्तरीकृत उपलब्धि परीक्षणमा सहभागी विद्यार्थी र प्राप्त गरेको प्राप्ताङ्क

विद्यार्थी संख्या छनौट : १५ जना

विषय : गणित

विद्यार्थी छनौट विधि : सामान्य सम्भावना युक्त नमूना छनौट

पूर्णाङ्क : १००

प्रश्नको प्रकृति : वस्तुगत वहुत्तम (२० वटा)

| क.सं. | विद्यार्थीको नाम | विद्यालयको नाम | CAS | परीक्षण |
|---|---|---|---|---|
| १ | सुष्मा खतिवडा | श्री जाल्पा उ.मा.वि. | ६१ | ५० |
| २ | आशिष खतिवडा | श्री जाल्पा उ.मा.वि. | ८१ | ७५ |
| ३ | सुस्मिता खतिवडा | श्री जाल्पा उ.मा.वि. | ५८ | ४० |
| ४ | झरना खतिवडा | श्री जाल्पा उ.मा.वि. | ६२ | ६६ |
| ५ | प्रिया खतिवडा | श्री जाल्पा उ.मा.वि. | ८३ | ६५ |
| ६ | मीनाकुमारी तामाङ्ग | श्री निवुगाउँ नि.मा.वि. | ९६ | ७५ |
| ७ | सूर्य ब. तामाङ्ग | श्री निवुगाउँ नि.मा.वि. | ६६ | ५५ |
| ८ | रूपा तामाङ्ग | श्री निवुगाउँ नि.मा.वि. | ९१ | ६५ |
| ९ | वीर ब. तामाङ्ग | श्री निवुगाउँ नि.मा.वि. | ६६ | ६५ |
| १० | शेरचन तामाङ्ग | श्री निवुगाउँ नि.मा.वि. | ७१ | ५० |
| ११ | अनिषा खतिवडा | श्री मनकामना प्रा.वि. | ८८ | ६० |
| १२ | नम्रता खतिवडा | श्री मनकामना प्रा.वि. | ६९ | ५० |
| १३ | निखिल खतिवडा | श्री मनकामना प्रा.वि. | ६८ | ५० |
| १४ | सुमित्रा दुलाल | श्री मनकामना प्रा.वि. | ६२ | ४० |
| १५ | पूजा दुलाल | श्री मनकामना प्रा.वि. | ८५ | ६० |

## अनुसूची ५

## उपलब्धि परीक्षणको ढाँचा

उपलब्धि परीक्षण | समय : ४० मि.

कक्षा : ३ | पूर्णाङ्क : १००

विषय : गणित

विद्यार्थीको नाम :

विद्यालयको नाम :

**सबै प्रश्नहरू हल गर :**

तल दिइएका प्रश्नहरूको उत्तरमध्ये सही उत्तरमा ( ) चिन्ह लगाऊ ।

१. २/१० लाई दशमलवमा राख्दा कति हुन्छ ?

(क) ०.२(ख) ०.३(ग) ०.४(घ) ०.५

२. खाली ठाउँमा कति राख्नुपर्ला : १५ + ....... =१९

(क) ६ (ख) ५ (ग) ४ (घ) ३

३. एउटा कापीको मूल्य रु. १० पर्छ, भने ५ वटा कापीको मूल्य कति पर्ला ?

(क) ५० (ख) ४० (ग) ३० (घ) २०

४. ३/४ – १/४ बराबर कति हुन्छ ?

(क) २/४ (ख) ३/४ (ग) १/४ (घ) ४४

५. १/५, < ४/५, < २/५ लाई बढ्दो क्रममा लेख्दा तलकामध्ये कुन भनाइ ठीक छ ?

(क) १/५ < ४/५ < २/५ (ख) १/५ < २/५ < ४/५

(ग) २/५ < १/५ < ४/५ (घ) ४/५ < १/५ < २/५

६. २ किलोग्रामलाई ग्राममा बदल्दा कति हुन्छ ?

(क) २००० कि.ग्रा. (ख) २००० ग्रा. (ग) २०० ग्राम (घ) २० ग्राम

७. १००० मिलिलिटर बराबर कति लिटर हुन्छ ?

(क) १०० लिटर (ख) १० लिटर (ग) १ लिटर (घ) १ मि.लि.

८. खाली ठाउँमा मिल्ने संख्या भर : ....... x१५ = १५०

(क) २० (ख) १५ (ग) १० (घ) ५

९. १ महिनामा ३० दिन हुन्छ भने ६ महिनामा कति दिन हुन्छ ?

(क) १६० (ख) १७० (ग) १८० (घ) १९०

१०. ८)८० गर्दा कति हुन्छ ?

(क) १० (ख) ८ (ग) ६ (घ) ५

११. सबैभन्दा ठूलो संख्या कुन हो ?


(क) ३१२१५४ (ख) ३२०१५४ (ग) ३३०१५४ (घ) ३४०१५४

१२. १२३४ बाट बन्ने सबैभन्दा ठूलो संख्या कुन हो ?

(क) २१३४ (ख) ४३२१ (ग) ४२३१ घ) १३२४

१३. त्रिभुज कतिवटा भुजाले बनेको हुन्छ ?




(क) ४ (ख) ३ (ग) २ (घ) १

१४. 

चित्रमा बनेको कोणको नाम कुन हो ?

(क) ABC (ख) CAB (ग) BAC (घ) ACB

१५. कुन कोण सबैभन्दा ठूलो छ ?

(क)  (ख)  (ग)  (घ) 

१६. लम्बाई नाप्ने एकाइ कुन हो ?

(क) से.मी. (ख) लिटर (ग) ग्राम (घ) कि.ग्रा.

१७. घेरा लगाइएको अंकको स्थान कति हुन्छ ? १२३४

(क) एक (ख) दस (ग) सय (घ) हजार

१८. तिम्रो विद्यालयमा जम्मा विद्यँर्थीहरू ४५० छन् केटाहरूको संख्या २४५ भए केटीहरूको संख्या कति होला ?

(क) ३०५ (ख) २०५ (ग) २०० (घ) १०५

१९. नौ हजार नौ सय पचहत्तरलाई अंकमा लेख्दा कति हुन्छ ?

(क) ९९५७ (ख) ९९७५ (ग) ९९९७४ (घ) ९०९५७

२०. तल दिइएकामध्ये ठूलो संख्यामा घेरा लगाइएको छ, त्यसमध्ये कुन ठीक छ ?

(क) ३५६९, ५३४६, ४६२५ (ख) २१३०, ४२६५, ५४३५

(ग) १२३४, ३४५२, ३५५५ (घ) ४२६५, २१३०, ५४३५

समाप्त

## अनुसूची ६

## शिक्षक अवधारणा प्रश्नावली

**पृष्ठभूमि**

प्राथमिक तहमा देखिएका वर्तमान शैक्षिक क्षतिलाई न्यूनीकरण गर्न निरन्तर विद्यार्थी मूल्याङ्कनद्धारा तोकिएका आधारहरूको माध्यमबाट कक्षा ७ सम्म उदार कक्षोन्नति गर्ने व्यवस्थालाई कार्यान्वयन गर्ने नीति अपनाइएको पाइन्छ । त्यसै अनुरूप सामुदायिक विद्यालयहरूमा हाल कार्यान्वयन गरिरहेको निरन्तर विद्यार्थी मूल्याङ्कनको वर्तमान स्थिति के कस्ते छ भन्ने मूल प्रश्नमा केन्द्रित रहेर यो अध्ययन गर्न लागिएको हो । खासगरी यस पद्धतिलाई प्रभावकारी रूपले कायाृन्वयन गर्न शिक्षकको महत्वपूर्ण भूमिका हुने भएकाले, प्राथमिक तहमा यसको अवस्था अध्ययन गर्न निरन्तर विद्यार्थी मूल्याङ्कन सम्बन्धी रहेका विविध पक्षहरूमा अवधारणा, सोचाइ वा अभिमतको स्तर बुझ्ने उद्देश्यले यो शिक्षक अवधारणा प्रश्नवाली (लिकर्ट स्केल नमूना) प्रस्तुत गरिएको साथै प्रश्नतवालीमा तपाईंले दिएको उत्तर पूर्ण रूपले गोप्य राखिनेछ ।

अनुरोधकर्ता

कुल बहादुर खड्का

अगाडि प्रस्तुत गरिएको तालिकाको बाँया पट्टी निरन्तर विद्यार्थी मूल्याङ्कन र उदार कक्षोन्नति व्यवस्था सम्बन्धी विभिन्न पक्षहरुबारे कथनहरु दिइएको छ । यी कथन/वाक्यांशलाई ध्यानपूर्वक बुझेर तपाइँको विचार, धारणा वा सोचाई उक्त कथनसँग कस्तो रहेको छ त्यो निश्चित गरेर दाँया पट्टि लेखिएका पाँचवटा प्रतिक्रिया मध्ये आफुले निश्चित गरेको प्रतिक्रियाको मुनितिर कोठाभित्र ( ) चिन्ह लगाउनु होस् ।

**प्रतिक्रियाहरु छनोट गर्दा ध्यान दिनुपर्ने कुराहरु**

**पूर्ण सहमति :** यदि तपाइँ बाँयापट्ट लेखिएको कथनसँग पूर्ण रुपले सहमत हुनुहुन्छ भने त्यस्तो कथनमा पूर्ण सहमत प्रतिक्रिया छनौट गर्नुहोस् ।

**सहमत :** उक्त कथनसँग आंशिक सहमत हुनुहुन्छ वा त्यो मध्यम स्तरको ठान्नुहुन्छ भने धारणा भएमा त्यस्तो कथनमा सहमत प्रक्तित्रया छनोट गर्नुहोस् ।

**अनिर्णित** : यदि कुनै कथनमा उल्लेख गरिएको विषयबारे तपाइँलाई कुनै जानकारी छैन वा तपाइँ त्यस कथनको विषयसँग अनभित्र हुनुहुन्छ भने वा पूर्ण सहमत, सहमत, असहमत, पूर्ण असहमत चारै प्रतिक्रियाहरु उपयुक्त लाग्दैन भन्ने धारणा भएमा त्यस्तो अवस्थामा 'अनिर्णित' प्रतिक्रिया गर्नुहोस् ।

**असहमत :** यदि तपाइँ दिएको कथनसँथग असहमत हुनुहुन्छ भने त्यस्तो कथनमा 'असहमत' प्रतिक्रिया छनोट गर्नुहोस् ।

**पूर्ण असहमत :** यदि तपाइँ दिएको कथनसँग पटक्कै असहमत हुनुहुन्छ, वा पूर्ण वेठिक जस्तो ठान्नुहुन्छ भने त्यस्तो कथनमा 'पूर्ण असहमत' प्रतिक्रिया छनोट गर्नुहोस् ।

**कृपया तल उल्लेखित सम्पूर्ण विवरणहरु स्पष्ट भरिदिनुहुन अनुरोध छ ।**

विद्यालयको नामः

शिक्षकको नाम (ऐच्छिक)

शैक्षिक योग्यता

तालिम :

शिक्षण गर्ने विषय :

कक्षा शिक्षक भए सो कक्षा उल्लेख गर्ने :

शिक्षण गर्ने कक्षामा विद्यार्थी संख्या :

मितिः

**शिक्षक अवधारणा प्रश्नावली**

| क्र.सं. | वाक्यांश/कथन | पंतिक्रिया | | | | |
|---|---|---|---|---|---|---|
| | | पूर्ण सहमत | सहमत | अनिर्णित | असहमत | पूर्ण असहमत |
| १ | प्राथमिक तहमा निरन्तर मूल्याङ्कन लागू गर्दा विद्यार्थीको सही मूल्याङ्कन गर्न सकिन्छ । | | | | | |
| २ | विद्यार्थीहरूको कक्षा दोहोऱ्याउने दरमा कमी ल्याउन उदार कक्षोन्नति व्यवस्था सान्दर्भिक हुन्छ । | | | | | |
| ३ | विद्यार्थीहरूको कक्षा छाड्ने दरमा कमी गर्नमा उदार कक्षोन्नति व्यवस्था सान्दर्भिक हुन्छ । | | | | | |
| ४ | निरन्तर विद्यार्थी मूल्याङ्कन व्यवहारिक रूपबाट लागू गर्न सकिएको छ । | | | | | |
| ५ | विद्यार्थी संख्या अधिक हुनु नै निरन्तर मूल्याङ्कन प्रणालीमा प्रभाव पार्ने प्रमुख तत्व हो । | | | | | |
| ६ | विद्यार्थीको समुचित मूल्याङ्कनका लागि शिक्षकमा विशेष सीप वा तालिमको आवश्यकता छ । | | | | | |
| ७ | कार्यसंचयिका (पोर्टफोलियो) व्यवस्थापन, विद्यार्थी मूल्याङ्कनको प्रमुख साधन हुन सक्दछ । | | | | | |
| ८ | विद्यार्थी कार्य संचयिका राम्रोसँग राख्न सकिएको छ । | | | | | |
| ९ | आवधिक परीक्षाबाट मात्र प्राथमिक तहका विद्यार्थीहरूको समग्र उपलब्धीस्तरको सही मूल्याङ्कन हुन सक्छ । | | | | | |
| १० | कक्षाकार्य, गृहकार्य, उपस्थिति तथा विद्यालयीय अतिरिक्त क्रियाकलापहरूमा सहभागिता जस्तालाई पनि मूल्याङ्कन भित्र समेटनु पर्छ । | | | | | |
| ११ | सामुदायिक विद्यालयका शिक्षकहरूको वर्तमान सेवा सुविधाका शर्तहरू सवल नभएकाले शिक्षकहरूमा यसप्रतिको चासो र सरोकार न्यून भएको हो । | | | | | |
| १२ | कक्षा छाड्ने दरमा उच्चता ल्याउने प्रमुख तत्वहरूमध्ये अनुर्णित दर उच्च हुनु हो । | | | | | |
| १३ | अनुतिर्ण दर उच्च हुनुको प्रमुख कारण विद्यमान मौखिक र लिखित परीक्षा प्रणाली हो । | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १४ | उदार कक्षोन्नतिबाट कक्षा चढाउँदा माथिल्लो विद्यार्थीको उपलब्धिस्तर कमजोर हुन्छ । | | | | | |
| १५ | विद्यार्थीका सम्पूर्ण क्रियाकलापहरूको निरन्तर र रूपमा मूल्याङ्कन गर्न विद्यालयमा भौतिक व्यवस्थापन पक्षा उच्च स्तरको हुनपर्दछ । | | | | | |
| १६ | सरकारी स्तरबाट नै विद्यार्थी मूल्याङ्कनका विभिन्न पक्षहरूबारे जानकारी र सीप विकास गर्न तालिम सिर्जना गरिनुपर्दछ । | | | | | |
| १७ | जिम्मेवार निकायबाट नै विद्यार्थी मूल्याङ्कनका तरिका र रणनीतिबारे निर्देशन प्राप्त हुनाले नै विद्यार्थी मूल्याङ्कनको वर्तमान नीीत अपनाइँदै आइएका छन् । | | | | | |
| १८ | माथिल्ला तहमा लिखित र आवधिक परीक्षालाई विद्यार्थी मूल्याङ्कनको प्रमुख साधन मानिने भएकाले तल्लो तहमा निरन्तर मूल्याङ्कन प्रभावकारी हुन सक्दैन । | | | | | |
| १९ | लिखित/आवधिक परीक्षा सँगैसँगै निरन्तर मूल्याङ्कन पनि गर्न सकियो भने त्यो प्रभावकारी हुन सक्दछ । | | | | | |
| २० | विद्यार्थी मूल्याङ्कनका लागि विद्यालयमा छुट्टै संयन्त्र गठन गरिनु पर्दछ जसले विद्यार्थीको हरेक क्रियाकलापहरूको रेकर्ड राख्न, अद्यावधिक गर्ने आदि यस्ता कार्यहरू गरोस् । | | | | | |

सहयोगका लागि धन्यवाद !

## अनुसूची ७

## खुल्ला प्रश्नावली

**पृष्ठभूमि**

प्राथमिक तहमा देखिएको वर्तमान शैक्षिक क्षतिलाई न्यूनीकरण गर्न निरन्तर विद्यार्थी मल्यांकनद्धारा तोकिएका आधारहरूको माध्यमबाट कक्षा सम्म उदार कक्षोन्नति गर्ने व्यवस्थलाई कार्यान्वयन गर्ने नीति अपनाइएको पाइन्छ । त्यसै अनुरूप सामुदायिक विद्यालयहरूमा हाल कार्यान्वयन गरिरहेको निरन्तर विद्यार्थी मूल्याङ्कनको वर्तमान स्थिति के कस्तो छ भन्ने मूल प्रश्नमा केन्द्रित रहेर यो अध्ययन गर्न लागिएको हो ।

निरन्तर मूल्याङ्कन प्रणालीलाई प्रभावकारी तरिकाले संचालन गर्ने प्रमुख भूमिका तपाईंको नै हुने भएकोले यस सम्बन्धी कार्यान्वयन कसरी गरिएको छ भन्ने सन्दर्भमा यो प्रणाली लागूए गर्दा देखिएका समस्या, यसको वर्तमान अवस्था, विचार बुझ्ने दृष्टिकोणले यो खुल्ला प्रश्नावली प्रस्तुत गरिएको छ ।

यो अध्ययन पूर्ण रूपले स्नातकोत्तर तहको शोधकार्यको लागि गरिएको हो । तपाईंले दिनुभएको उत्तरलाई पूर्णरूपमा गोप्य राखिनेछ । तलका प्रश्नहरूको आफ्नै विचारमा वास्तविक तथ्य लेख्नुहोला ।

प्रस्तुतकर्ता

कुलबहादुर खड्का

नामः

विद्यालयको नामः

शिक्षण अनुभव उमेर

शैक्षिक योग्यता अध्यापन गर्ने विषय

तालिम

१. यहाँले निरन्तर विद्यार्थी मूल्याङ्कन वारे के बुझ्नु भएको छ?

.........................................................................................................

.........................................................................................................

२. उदार कक्षोन्नति भन्नाले के बुझ्नुभएको छ ?

.........................................................................................................

.........................................................................................................

३. कक्षा ३ मा तपाईंले शिक्षण गर्दा (गणित, विज्ञान र अंग्रेजी) मा कसरी गर्नुभएको छ? खासगरी यी विषयमा सिकाइ उपलब्धि घटेको देखिन्छ, किन ?

.........................................................................................................

.........................................................................................................

४. निरन्तर मूल्याङ्कन गर्दा तपाइँले कस्तो समस्या भोग्नुभएको छ ? यो प्रणाली लागू गर्दा विद्यार्थीको सही मूल्यांकन गर्न नसक्नुका कारण के के होलान् ?

.............................................................................................................

.............................................................................................................

५. तपाइँले आफ्नो कक्षाका विद्यार्थीहरूको मूल्याङ्कन, निरन्तर मूल्याङ्कन प्रणाली अनुसार कसरी गर्नुभएको छ ?

.............................................................................................................

.............................................................................................................

६. यस सम्बन्धी हालसम्म कुनै तालिम वा सीप लिनुभएको छ वा छैन ? छ भने के तालिम लिनुभएको छ ?

.............................................................................................................

.............................................................................................................

७. निरन्तर विद्यार्थी मूल्याङ्कनले विद्यार्थीको सिकाइमा कस्तो प्रभाव पारेको छ ?

.............................................................................................................

.............................................................................................................

८. विद्यार्थीको वर्तमान कक्षा छाड्ने र कक्षा दोहोऱ्याउने सूचाङ्कमा प्रभाव पार्ने तत्वहरू के के होलान् ?

.............................................................................................................

.............................................................................................................

९. निरन्तर विद्यार्थी मूल्याङ्कनमा सुधार गर्ने पक्षहरू के के हुन सक्छन् ?

.............................................................................................................

.............................................................................................................

१०. यसले विद्यार्थीको शैक्षिक पक्ष र अन्य पक्षमा कस्तो सन्तुलन ल्याएको छ?

.............................................................................................................

.............................................................................................................

११. तपाइँ निरन्तर मूल्याङ्कन कुन कुन पक्षलाई समावेश गर्नुभएको छ? समावेश गर्न नसक्ने पक्षहरू के के हुन् ?

.............................................................................................................

.............................................................................................................

१२. निरन्तर मूल्याङ्कनले मौलिकता र व्यवहारिक पक्षलाई समेटन सक्दछ, यसमा तपाइँको विचार के छ?

.........................................................................................................

.........................................................................................................

१३. तपाइँले विद्यार्थी मूल्यांकनका लागि अपनाउनु निम्न साधनलाई कुन प्राथमिकताका आधारमा कहिले, कहिले प्रयोग गर्नुभएको छ ?

(हाजिरी, लिखित परीक्षा, गृहकार्य, कक्षाकार्य, मौखिक परीक्षा, सरसफाई, सिकाइ उपलब्धि, अतिरिक्त क्रियाकलाप, घट्ना अभिलेख, अवलोकन)

.........................................................................................................

.........................................................................................................

१४. कक्षा चढाउँदा वा बीचैमा उपल्लो तहमा लैजाँदाको अवस्थामा विद्यार्थीको शैक्षिक गुणास्तरमा कस्तो प्रभाव परेको देख्नु हुन्छ ?

.........................................................................................................

.........................................................................................................

१५. CAS प्रक्रियामा के गर्न सकियो भने सुधार होला ?

.........................................................................................................

.........................................................................................................

१६. यस विषय सम्बन्धमा अन्य केही राय सुझावहरू छन् की ?

.........................................................................................................

.........................................................................................................

## अनुसूची ८

## प्रधानाध्यापकको असंरचित अन्तर्वार्ता

नाम:

विद्यालयको नाम:

शिक्षण अनुभव                                        उमेर :

शैक्षिक योग्यता

निम्न प्रश्नहरूमा आधारित रही अन्तर्वार्ता लिइएको थियो ।

१. तपाइँको विद्यालयको प्राथमिक (१-३) तहमा निरन्तर विद्यार्थी मूल्याङ्कनलाई के कसरी कार्यान्वयन गर्नुभएको छ?

२. कार्यान्वयनमा आइपरेका समस्याहरू पत्ता लगाउनु भएको छ ? किन त्यस्ता समस्याहरू देखा परेका होलान् ?

३. तपाईंले उदार कक्षोन्नति कार्यलाई कसरी हेर्नुभएको छ ?

४. यस मूल्याङ्कन सम्बन्धमा अभिभावकले केही धारणा राखेका छन् कि? केही जानकारी छ?

५. तपाइँको विचारमा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीमा सुधार ल्याउन के के गर्नुपर्ला ? साथै अभिभावकको भूमिका कस्तो रहेको छ ? र यस विद्यालयमा कस्तो भूमिका खेल्दै आएका छन् ?

६. यो प्रणालीका सबल र दुर्वल पक्षहरू के के हालान् ?

७. यस सम्बन्धमा केही सुझाव छन कि कसो गरे यो कार्यक्रम प्रभावकारी होला ?

## अनुसूची ९

## स्रोतव्यक्तिसँग अन्तरवार्ता

नाम:

स्रोतकेन्द्र :

सेवा अवधि/अनुभव

निम्न प्रश्नहरूमा आधारित रही अन्तर्वार्ता लिइएको थियो ।

१. यस स्रोतकेन्दमा CAS को कार्यान्वयन पक्षको अवस्था कस्तो पाउनु भएको छ ?

२. यस प्रणालीले शैक्षिक स्तरमा वा वालवालिकामा कस्तो परिवर्तन आएको छ ?

३. विद्यार्थीको कक्षोन्नतिको सँगसँगै बालकको उमेर क्षमता र मानसिक क्षमतामा सन्तुलन आएको छ ?

४. यस प्रणालीमा देखा परेका जड समस्याहरू के के होलान ? समाधान गर्न कसरी सकिएला ?

५. यस स्रोत केन्द्र भित्रका शिक्षकले यसलाई कसरी कार्यान्वयन गरेको पाउनु भएको छ ? समग्रमा भन्नुहोस न ?

६. यस मूल्याङ्कन प्रणालीमा यसभन्दा माथिको निकायको भूमिका कस्तो पाउनु भएको छ ?

७. यस सम्बन्धमा यस तहको शैक्षिक उपलब्धि कसरी राख्नुभएको छ ?

८. यस श्रोतकेन्द्रमा शिक्षक, अभिभावक, प्र.अ.को संयुक्त अन्तरक्रिया कार्यक्रम संचालन गर्नुभएको छ कि छैन ?

९. तपाइँसँग भएका यससँग सम्बन्धीत के ही अनुभव होलान नि, होइन् ?

१०. यसको कार्यान्वयनलाई प्रभावकारी  बनाउन मुख्य सुझावहरू के के होलान् ?

## अनुसूची १०

### शिक्षक अवधारणा प्रतिक्रियाको शिक्षकले छनौट गरिएका प्रतिक्रियाको प्रतिशत

| कथन क्रमाङ्क | वाक्यांश | विभिन्न प्रतिक्रिया छनोट गर्ने शिक्षक % |
|---|---|---|
| १ | प्राथमिक तहमा निरन्तर मूल्याङ्कन लागु गर्दा विद्यार्थीको सही मुल्याङ्कन गर्न सकिन्छ । | पूर्ण सहमत = ८३.३३%<br>सहमत = १६.६७%<br>जम्मा = १००% |
| २ | विद्यार्थीको कक्षा दोहोराउने दरमा कमि ल्याउन उदारकक्षोन्नति व्यवस्था सान्दर्भिक हुन्छ । | पूर्ण सहमत = ७५%<br>सहमत = २५%<br>जम्मा = १००% |
| ३ | विद्यार्थीहरूको कक्षा छाड्ने दरमा कमी ल्याउन उदार कक्षोन्नति व्यवस्था सान्दर्भिक हुन्छ । | पूर्ण सहमत = ५०%<br>सहमत = ५०%<br>जम्मा = १००% |
| ४ | निरन्तर विद्यार्थी मूल्याङ्कन व्यावहारिक रूपबाट लागु गर्न सकिएको छ । | पूर्ण सहमत = ५०%<br>सहमत = ३३.३३%<br>अनिर्णित = १६.६७%<br>जम्मा = १००% |
| ५ | विद्यार्थी संख्या अधिक हुनु नै निरन्तर मूल्याङ्कन प्रणालीमा प्रभाव पार्ने प्रमुख तत्व हो । | पूर्ण सहमत = १६.६७%<br>सहमत = ५०%<br>असहमत = १६.६७%<br>पूर्ण असहमत = ८.३३%<br>जम्मा = १००% |
| ६ | विद्यार्थीहरूको समुचित मूल्याङ्कनका लागि शिक्षकमा विशेष सीप वा तालिमको आवश्यकता छ । | पूर्ण सहमत = ९१.६७%<br>सहमत = ८.३३%<br>जम्मा = १००% |
| ७ | कार्यसञ्चयिका (पोर्टफोलियो)व्यवस्थापनि विद्यार्थी मूल्याङ्कनको प्रमुख साधन हुन सक्छ । | पूर्ण सहमत = ३३.३३%<br>सहमत = ५०%<br>असहमत = १७%<br>जम्मा = १००% |
| ८ | विद्यार्थी कार्यसञ्चयिका राम्रोसँग राख्न सकिएको छ । | पूर्ण सहमत = १६.६७%<br>सहमत = ५०%<br>असहमत = २५%<br>पुर्ण असहमत = ८.३३%<br>जम्मा = १००% |

| | | |
|---|---|---|
| ९ | आवधिक परीक्षाबाट मात्र प्राथमिक तहका विद्यार्थीहरूको समग्र उपलब्धि स्तरको सही मूल्याङ्कन हुन सक्दछ । | पूर्ण सहमत =१६.६७<br>सहमत=२५<br>अनिर्णित=२५<br>असहमत=१६.६७<br>पूर्ण असहमत=१६.६७<br>जम्मा=१०० |
| १० | कक्षाकार्य, गृहकार्य, उपस्थिति तथा विद्यालयीय अतिरिक्त क्रियाकलापमा सहभागि जस्ता पक्षहरूलाई पनि मूल्याङ्कन भित्र समेट्नुपर्छ । | पूर्ण सहमत = ५८.३३%<br>सहमत =४१.६७%<br>जम्मा = १००% |
| ११ | सामुदायिक विद्यालयको शिक्षकहरूको वर्तमान सेवा सुविधाका शर्तहरू सबल नभएकोले शिक्षकहरूमा यसप्रतिका चासो र सरोकार न्यून भएको हो । | पूर्ण सहमत=३३.३३<br>सहमत=८.३३<br>अनिर्णित=१६.६७<br>असहमत=२५<br>पूर्ण असहमत=१६.६७<br>जम्मा=१०० |
| १२ | कक्षा छाड्ने दरमा उच्चता ल्याउने प्रमुख कारणहरूमध्ये अनुत्तिर्ण दर उच्च हुनु हो । | पूर्ण सहमत = ४१.६६%<br>सहमत = ४१.६६%<br>असहमत = १६.६७%<br>जम्मा = १००% |
| १३ | अनुतिर्ण दर उच्च हुनुको प्रमुख कारण विद्यमान आवधिक र लिखित परीक्षा हो । | पूर्ण सहमत = ४१.६६%<br>सहमत = ५०%<br>असहमत = ८.३३%<br>जम्मा = १००% |
| १४ | उदार कक्षोन्तिबाट कक्षा चढाउँदा माथिलो विद्यार्थीको उपलब्धिस्तर कमजोर हुन्छ । | पूर्ण सहमत = ३३.३३%<br>सहमत = ५०%<br>पूर्ण असहमत = १६.६७%<br>जम्मा = १००% |
| १५ | विद्यार्थीका सम्पूर्ण क्रियाकलापको निरन्तर रूपमा मूल्याङ्कन गर्न विद्यालयमा भौतिक व्यवस्थापन पक्ष उच्च स्तरको हुनुपर्दछ । | पूर्ण सहमत = २५%<br>सहमत = ५०%<br>असहमत = २५%<br>जम्मा = १००% |
| १६ | सरकारी स्तरबाट निरन्तर विद्यार्थी मूल्याङ्कनका विभिन्न पक्षहरूवारे जानकारी र सीप विकास गर्न तालिम सिर्जना गरिनुपर्दछ । | पूर्ण सहमत = ५८.३३%<br>सहमत = ४१.६७%<br>जम्मा = १००% |

| | | |
|---|---|---|
| १७ | जिम्मेवार निकायबाट नै विद्यार्थी मूल्याङ्कनका तरिका, रणनीतिबारे निर्देशन प्राप्त हुनाले नै विद्यार्थी मूल्याङ्कनको वर्तमान नीति अपनाउँदेन आएका हुन् । | पूर्ण सहमत = २५%<br>सहमत = ४१.६७%<br>असहमत = २५%<br>पूर्ण असहमत = ८.३३%<br>जम्मा = १००% |
| १८ | माथिल्ला तहमा लिखित र आवधिक परीक्षालाई विद्यार्थी मूल्याङ्कनको प्रमुख साधन मानिने भएकाले तल्लो तहमा निरन्तर मूल्याङ्कन प्रभावकारी हुन सक्दैन । | सहमत =३३.३३<br>अनिर्णित=२५<br>असहमत=२५<br>पूर्ण असहमत=१६.६७<br>जम्मा=१०० |
| १९ | लिखित/आवधिक परीक्षासँगसँगै निरन्तर मूल्याङ्कन पनि गर्न सकियो भने त्यो प्रभावकारी हुन सक्दछ । | पूर्ण सहमत = ५८.३%<br>सहमत = ४१.६७%<br>जम्मा = १००% |
| २० | विद्यार्थी मूल्याङ्कनका लागि विद्यालयमा छुट्टै संयन्त्र गठन गरिनुपर्दछ, जसले विद्यार्थीको हरेक क्रियाकलापहरूको रेकर्ड राख्न के अद्यावधिक गर्ने आदि जस्ता कार्यहरू गरोस् । | सहमत =१६.६७<br>अनिर्णित=२५<br>असहमत=३३.३३<br>पूर्ण असहमत=२५<br>जम्मा=१०० |

## अनुसूची ११

### टि-परीक्षण

| S.N. | x | dx (x-a) | $dx^2$ | y | dy = y-b | $dy^2$ |
|---|---|---|---|---|---|---|
| 1 | 61 | -9 | 81 | 50 | -5 | 25 |
| 2 | 81 | 11 | 121 | 75 | 20 | 420 |
| 3 | 58 | -12 | 144 | 40 | -15 | 225 |
| 4 | 62 | -8 | 64 | 60 | 5 | 25 |
| 5 | 83 | 13 | 169 | 65 | 10 | 120 |
| 6 | 96 | 26 | 676 | 75 | 20 | 400 |
| 7 | 66 | -4 | 16 | 55 | 0 | 0 |
| 8 | 91 | 23 | 529 | 65 | 10 | 100 |
| 9 | 66 | -4 | 16 | 55 | 0 | 0 |
| 10 | 61 | -8 | 64 | 50 | -5 | 25 |
| 11 | 88 | 18 | 324 | 60 | 5 | 25 |
| 12 | 69 | -1 | 1 | 50 | -5 | 25 |
| 13 | 68 | -2 | 4 | 50 | -5 | 25 |
| 14 | 62 | -8 | 16 | 40 | -15 | 225 |
| 15 | 85 | 15 | 225 | 60 | 5 | 25 |
| | ϕdx = 50 | ϕdx2 = 2450 | | | ϕdy = 25 | ϕdy2 = 1625 |

मानौं, a = 70, b = 55

$\overline{X} = a + \frac{dx}{N}$

$= 70 + \frac{50}{15}$

$M_1 = 73.93$

$\overline{Y} = b + \frac{dy}{N}$

$= 55 + \frac{25}{15}$

$M_2 = 56.67$

$\exists x^2 = \sqrt{\frac{dx^2}{N}}$

$= \sqrt{\frac{2450}{15}}$

= 163.33

$\exists y^2 = \sqrt{\frac{dy^2}{N}}$

$= \sqrt{\frac{1625}{15}}$

= 108.33

अब,

∃ गणना गर्दा,

$$\exists = \sqrt{\frac{(N_1\ Z1) \pm x^2\ \Gamma\ (N_2\ Z1) \pm y^2}{N_1\ \Gamma\ N_2\ Z2}}$$

$$= \sqrt{\frac{(15\ Z1)163.33\ \Gamma\ (15\ Z1)108.33}{15\ \Gamma\ 15\ Z\ 2}}$$

$$= \sqrt{\frac{14\ |\ 163.33\ \Gamma\ 14\ |\ 108.33}{28}}$$

= 11.65

फेरी,

$SE_D$ वा $\exists_D$ गणना गर्दा,

$$SD = \exists \sqrt{\frac{1}{N_1}\ \Gamma\ \frac{1}{N_2}}$$

$$= 11.65 \sqrt{\frac{1}{15}\ \Gamma\ \frac{1}{15}}$$

= 11.65 x 0.364

= 4.24

t-calculation,

$$t = \frac{m_1\ Z\ m_2}{\pm_p} = \frac{73.33\ Z\ 56.67}{4.24} = 3.929$$

यहाँ, N < 30 भएकोले,

स्वतन्त्रताको मात्रा (d.f.) = N1 + n2 – 2

= 15 + 15 – 2 = 28

अब, स्वतन्त्रताको मात्रा 28 हुँदा दुईपुच्छ्रे t परीक्षणको 5% सार्थकताको तहमा t को टेबलमान २.०४८ देखिन्छ ।

यहाँ,

t-calc. = 3.929

t-tab. = 2.048

t-cal > t-tab